# गाउँपालिका तथा नगरपालिकाहरूका लागि विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा ढाँचा

नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाडौ

© २०२०, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**प्रकाशन**

नेपाल सरकार

यो गाउँपालिका तथा नगरपालिकाहरूका लागि विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा ढाँचा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसआइडी) मार्फत अमेरिकी जनताहरुको सहयोगका कारण सम्भव भएको हो । यस पुनर्लाभ योजना तर्जुमा ढाँचा भित्रका विषयवस्तु र सामाग्री एसडिआईसीका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

# गाउँपालिका तथा नगरपालिकाहरूका लागि विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा ढाँचा

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं

# विषय सूची

**पृष्ठभूमी** ........................................................................................................ १

**ढाँचाको उद्देश्य** ........................................................................................................ २

**भाग १: विपद् व्यवस्थापनसँग सम्बन्धित पक्षहरूको संक्षिप्त विश्लेषण** ............................................ ३

१.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा नेपालको कानूनी एवम् नीतिगत व्यवस्था ................................ ३

१.२ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्रहरू ............ ४

१.३ नेपालमा विपद्का घटनाबाट भएको क्षति र असर ........................................................ ६

१.४ नेपालमा कोभिड(१९ महामारीको विद्यमान अवस्था र त्यसको असर ................................ ८

**भाग २: विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा प्रक्रिया** ............................ ९

चरण १: विपद्को पहिचान ........................................................................................ ९

चरण २: पुनर्लाभ योजना तर्जुमाको निम्ति मुख्य जिम्मेवारी निर्धारण ...................................... १०

चरण ३: विपद्जन्य क्षति तथा नोक्सानीको मूल्यांकन ........................................................ ११

चरण ४: विपद्को असर मूल्याङ्कन ............................................................................ १७

चरण ५: विपद् पश्चात्को आवश्यकता पहिचान ................................................................ १९

चरण ६: विपद् पश्चात्को पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा ........................................ २१

चरण ७: पुनर्निर्माण तथा पुनर्लाभ योजनाको स्वीकृति ...................................................... २५

**भाग ३: विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना कार्यान्वयन** ............................... २६

**भाग ४: कोभिड-१९ विश्वव्यापी महामारीजन्य असरको सामाजिक तथा आर्थिक पुनर्लाभ योजना** ......... २७

**अनुसूची**

अनुसूची - १: विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा तर्जुमा गरिएका अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरू तथा नेपालको कानूनी र नीतिगत व्यवस्थाहरूको सारांश ................. ३१

अनुसूची - २: विगत तीन वर्षमा विपद्बाट भएको क्षतिको विवरण ...................................... ४३

अनुसूची .- ३: प्रकोप पश्चात्को सर्भेक्षणको लागि नमुना प्रश्नावली ...................................... ४६

अनुसूची - ४: कोभिड १९ ले पारेको असर मूल्याङ्कन सर्भेक्षणको लागि नमुना प्रश्नावली ............ ७९

# पृष्ठभूमी

नेपालको संविधानले विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीका साथै स्थानीय तहको एकल अधिकारको सूचीमा समेत राखेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारको काम, कर्तव्य तथा अधिकार अन्तर्गत विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यस ऐनले अन्य विषयहरूका अतिरिक्त विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पश्चात्को स्थानीय स्तरको पुनर्स्थापना तथा पुनर्निर्माण, विपद् व्यवस्थापन कोषको स्थापना एवम् सञ्चालन र स्रोत साधनको परिचालन सम्बन्धी विषयलाई स्थानीय तहको कार्यजिम्मेवारी भित्र राखेको छ। त्यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले पनि प्रत्येक स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति गठन हुने र सो समितिले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विषय उल्लेख गरेको छ।

नेपाल विपद् जोखिमको दृष्टिले अत्यन्त संवेदनशील अवस्थामा रहेको छ। नेपाल खासगरी भूकम्पीय जोखिम, जलवायु परिवर्तनबाट उत्पन्न जोखिम र वाढी पैरोजन्य जोखिमको हिसावले बढी संवेदनशील रहेकोले यस्ता जोखिमको न्यूनीकरण र व्यवस्थापनमा स्थानीय तहले पूर्वतयारी, खोज उद्धार तथा राहत र पुनर्निमाण एबम् पुनर्स्थापना जस्ता क्षेत्रमा महत्वपूर्ण भूमिका निर्बाह गर्न सक्दछन्। नेपालको संविधानले सरुवा रोग जस्ता संक्रमणजन्य विपद् जोखिम न्यूनीकरण र व्यवस्थाको विषय सङ्घीय सरकारको कार्यक्षेत्रभित्र राखेको छ। यद्यपि यस्तो विपद्बाट स्थानीय तहमा सिर्जना भएको आर्थिक सामाजिक असरलाई न्यून गर्ने कार्यमा स्थानीय तहको पनि उत्तिकै महत्व र भूमिका हुन सक्दछ। यसका लागि स्थानीय तहले विपद्बाट सिर्जित असरको सही तरिकाले आँकलन गर्न जरुरी हुन्छ।

विपद्बाट सिर्जित असरको आँकलन गर्ने कार्य आफैमा कठीन कार्य हो। त्यसमा पनि विश्वव्यापी रुपमा फैलिने संक्रमणजन्य विपद् जोखिमको प्रारम्भिक अवस्थामै यसबाट पर्नसक्ने असरको आँकलन गर्न झनै कठीन हुन्छ। सन् २०२० को प्रारम्भदेखि विश्वव्यापी रुपमा देखापरेको कोभिड -१९ को संकमण जोखिम समेत बढ्दो अवस्थामा रहेको कारण यसले पार्न सक्ने पूर्ण असरको आँकलन तत्कालै गर्न सक्ने अवस्था छैन। यद्यपि, यसले पारेको मुख्य प्रभावहरू जस्तो कि बन्दाबन्दीको अवस्थाले सिर्जित आर्थिक शिथिलता; स्वास्थ्य सेवामा पूँजी, पूर्वाधार तथा दक्ष जनशक्तिको बढ्दो आवश्यकता; पठन-पाठनमा आएको अवरोध; वस्तु आपूर्ति व्यवस्था/श्रृङ्खलामा आएको अवरोध; रोजगारीमा आएको ह्रास; वैदेशिक रोजगारजन्य आयमा आउने ह्रास; सरकारको राजस्व संकलनमा पर्ने असर; मानसिक स्वास्थ्य एवम् सामाजिक क्रियाकलापमा पर्ने असर भने पूर्वानुमान गर्न सकिन्छ।

त्यसबाहेक, हरेक वर्ष दोहोरिइरहने अन्य विपद्हरू जस्तो बाढी, पहिरो, शीतलहर, लु, चट्याङ, आगलागी आदिले पनि सामाजिक तथा आर्थिक रुपमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ। यसका साथै, जलवायु परिवर्तनका कारण हरेक वर्ष विपद्को आवृत्ति, प्रवृत्ति एवम् प्रगाढतामा निरन्तर वृद्धि भइरहेको छ। कोभिड-१९ तथा अन्य विपद्हरूले श्रमिक लगायतका न्यून आय भएका वर्ग, जोखिममा रहेका वर्ग, महिला, बालबालिका, वृद्धवृद्धा, अशक्त, साना व्यवसायीहरूलाई बढी प्रभावित पार्ने भएकोले त्यसतर्फ बढी ध्यान दिई पुनर्लाभ योजना तर्जुमा गर्नुपर्ने हुन्छ। यस्तो योजना तर्जुमा गर्ने कार्यमा सरोकारवाला निकायहरुको सहभागिता सुनिश्चित गर्न जति जरुरी छ त्यति नै योजना तर्जुमा प्रकृयालाई स्पष्ट र व्यबहारिक बनाउन जरुरी छ। यसका लागि स्थानीय तहको निमित्त विपद्बाट सिर्जित आर्थिक सामाजिक असरहरुको आँकलन गरी त्यस्तो असर न्यूनीकरणका लागि पुनर्लाभ योजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गर्न छुट्टै ढाँचाको आवश्यकता रहेको छ।

## ढाँचाको उद्देश्य

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन, २०७५) ले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विपद् प्रतिकार्यका साथै शीघ्र पुनर्लाभ/पुनर्स्थापना गर्नका लागि कार्ययोजना बनाउने र सम्बन्धित निकाय तथा संघ-संस्थाहरूसँगको समन्वयमा कार्य सञ्चालन गर्ने जिम्मेवारी दिएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तहको सम्पर्क मन्त्रालय पनि भएको र यसले सङ्घीयता कार्यान्वयनमा स्थानीय तहलाई सहजीकरण गर्ने क्रममा विभिन्न किसिमका नमूना कानूनहरु उपलब्ध गराउने एबम् क्षमता विकासका कृयाकलापहरु समेत सञ्चालन गर्दै आएको छ । यस क्रममा मन्त्रालयले स्थानीय तहको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, वारुणयन्त्र सञ्चालन कार्यविधि जस्ता नमूना कानूनहरु उपलब्ध गारएको छ। त्यसबाहेक मन्त्रालयले स्थानीय तहका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन समेत उपलब्ध गराएको छ।

यसै क्रममा स्थानीय तहलाई विपद् पश्चात्को सामाजिक आर्थिक पुनर्लाभ योजना तयार गर्न मार्गदर्शन गर्ने उद्देश्यले यो नमूना ढाँचा तयार गरिएको छ। यस ढाँचाले स्थानीय तहलाई विपद् पश्चात्को अवस्था विश्लेषणका आधारमा आ-आफ्नो क्षेत्रको सामाजिक-आर्थिक पुनर्लाभ योजना तर्जुमा गर्न प्रक्रियागत मार्गदर्शन प्रदान गर्नेछ। यसका अतिरिक्त यस ढाँचाले पुनर्लाभ योजना तर्जुमा गर्दा सरोकारवाला पक्षहरूको सहभागितालाई सुनिश्चित गर्दै स्थानीय आवश्यकता बमोजिम पुनर्लाभका कृयाकलापहरु छनौट गरी कार्यान्वयनमा ल्याउने कार्यमा स्थानीय तहलाई सहजीकरण गर्ने अपेक्षा गरिएको छ।

यस सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा ढाँचाको मुख्य उद्देश्य निम्न अनुसार रहेको छ :

**विपद् पश्चातको सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा ढाँचाको उद्देश्य**

कोभिड-१९ जस्ता संक्रमणजन्य विपद् तथा अन्य विपद्हरूले पारेको सामाजिक तथा आर्थिक प्रभाव आँकलन गरी सम्बद्ध सबै पक्षहरू विशेषगरी सम्बन्धित सरकारी निकायहरू, मानवीय सहायताका क्षेत्रमा कार्यरत संघ-संस्था तथा निजी क्षेत्रको सहभागितामा पुनर्लाभ योजना तर्जुमा गर्न स्थानीय सरकारहरूलाई मार्गदर्शन गर्नु यस योजना तर्जुमा ढाँचाको मुख्य उद्देश्य हो।

यस ढाँचाले विपद् पश्चात्को प्रभाव आँकलन गर्न जिम्मेवारी पाएको कार्यदल तथा पुनर्लाभ योजना तर्जुमामा संलग्न पक्षहरूलाई प्रक्रियागत स्पष्टता सहित योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

यस ढाँचालाई चार भागमा विभाजन गरी प्रस्तुत गरिएको छ। यसको भाग ४ मा कोभिड–१९ को विश्वव्यापी महामारीले पारेको असरको मूल्याङ्कन गरी स्थानीय तहको सामाजिक आर्थिक पुनर्लाभ योजना तर्जुमाका लागि उपयोगी हुनसक्ने नमूना ढाँचा समेत समावेश गरिएको छ।

# भाग १:
# विपद् व्यवस्थापनसँग सम्बन्धित पक्षहरूको संक्षिप्त विश्लेषण

## *१.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा नेपालको कानूनी एवम् नीतिगत व्यवस्था*

विपद् व्यवस्थापन र जलवायु परिवर्तनको सन्दर्भमा सन् २०१५ पछि विश्वमा विपद् जोखिम न्यूनीकरणको सेन्डाई ढाँचा २०१५-२०३० (Sendai Framework for Disaster Risk Reduction 2015-2030), दिगो विकास लक्ष्य २०१५-२०३० (Sustainable Development Goals 2015-2030), पेरिस सम्झौता २०१५ (Paris Agreement 2015), मानवीयताका लागि एजेण्डा २०१६ (Agenda for Humanity 2016) र नयाँ शहरी एजेण्डा २०१६ (New Urban Agenda 2016) जस्ता महत्वपूर्ण विषयका सम्मेलनहरू सम्पन्न भए । एक-अर्कामा परिपूरक यी दस्तावेजहरूले सन् २०१५ पछिको उत्थानशील र विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकूलित दिगो विकास प्राप्तितर्फको विश्वको गन्तव्य र मार्गचित्र प्रस्तुत गरेको छन् । यी अन्तर्राष्ट्रिय प्रतिवद्धता सहितका दस्तावेजहरूमा आधारित रही आ-आफ्ना स्थानीय विशेषता र आवश्यकताका आधारमा नेपाल लगायत विश्वका पक्ष राष्ट्रहरुले स्थानीय कानूनी तथा व्यवहारिक दस्तावेजहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन् ।

विशेषतः ह्योगो कार्यढाँचा २००५-२०१५ (Hyogo Framework for Action 2005-2015) को कार्यान्वयनको रुपमा नेपालले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६; राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७०; विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७; स्थानीय विपद् जोखिम व्यवस्थपान योजना तर्जुमा निर्देशिका, २०६८ जस्ता महत्वपूर्ण दस्तावेजहरू तयार गरिएका छन् । राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना, आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना र विस्तार, राहत सामग्रीको भण्डारणका लागि भण्डारण गृह निर्माण कार्यहरू सम्पादन भएको छ ।  समग्र विपद् जोखिम न्यूनीकरणका दृष्टिकोणले यी प्रयासहरू पर्याप्त नभएता पनि विपद् व्यवस्थापन विशेषतः विपद् प्रतिर्कायको लागि कानूनी तथा संरचनात्मक आधारशीला तयार गर्ने दृष्टिकोणले महत्वपूर्ण उपलब्धीका रुपमा रहेका छन् ।

तत्कालीन स्थानीय विकास मन्त्रालयको नेतृत्वमा समुदायको उत्थानशीलता मापन गर्नको लागि ९ वटा मुख्य सूचक रहेको सामुदायिक उत्थानशीलताका मापदण्ड तयार गर्ने कार्य, देशका सात वटा नदी बेसिनमा पूर्व सूचना प्रणाली स्थापना, सन् २००८ मा विपद् प्रतिकार्यमा विषयगत क्षेत्रको अवधारण (Cluster Approach) कार्यान्वयनमा आई १० वटा विषयगत क्षेत्र (Cluster) को नेतृत्व नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयले गर्ने र सहनेतृत्व संयुक्त राष्ट्र सङ्घीय निकाय तथा विकास साझेदार संस्थाहरूले गर्ने प्रबन्ध उपयुक्त कदमको रुपमा नै देखिएको छ । सन् २००८ मा कोशी बाढीको समयमा नेपालमा पहिलो पटक कार्यान्वयनमा ल्याइएको विषयगत क्षेत्रमा आधारित प्रतिकार्य र पुनर्स्थापना तथा पुनर्लाभको कार्य प्रभावकारी देखिएकोले यसले निरन्तरता पाउँदै आएको छ  ।

नेपालको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले परिकल्पना गरे बमोजिम विपद् व्यवस्थापन र न्यूनीकरणका लागि केही महत्वपूर्ण आधारभूत कार्यहरू गरिएका भएता पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न छुट्टै केन्द्रीय निकायको स्थापना हुन सकेको थिएन ।  लामो प्रयासपछि वि.सं. २०७४ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन पारित भै यसै ऐनमा आधारित भई विपद् जोखिम व्यवस्थापन सम्बन्धी नयाँ व्यवस्थाहरूका अतिरिक्त विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना समेत भइसकेको छ ।

बाढी, पहिरो जस्ता जलउत्पन्न प्रकोपको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गर्न जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२; उद्योग व्यवसायमा विपद्बाट हुने जोखिम कम गर्न उद्योग नीति, २०६७; स्वास्थ्य सम्बन्धी

नकारात्मक असरको सम्बोधनका लागि राष्ट्रिय स्वास्थ्य नीति, २०७१; जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक, आर्थिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य राखेर राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६; किसानहरूलाई जलवायु परिवर्तन अनुकूल र विपद् उत्थानशील बनाउन तथा कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रवर्द्धन, खाद्य र बीउको भण्डार व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदिको लागि कृषि विकास रणनीति, २०७२; विपद्पश्चात्को पुनर्लाभ, पुनर्निर्माण र पुनर्स्थापना कार्यका लागि राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ व्यवस्था गरिएको छ । विशेषतः विपद्को समयमा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, २०७५ ले व्यवस्थित पूर्वतयारी र विपद्पछिको प्रभावकारी प्रतिकार्यको लागि राष्ट्रिय तथा स्थानीय संयन्त्रहरू लगायत विषयगत क्षेत्रको समन्वय, परिचालन सम्बन्धी विधिहरूमा स्पष्ट मार्गदर्शन गरेको छ ।  साथै यसले अन्तर्राष्ट्रिय सहायताको लागि अपिल तथा समन्वयको निमित्त स्पष्ट जिम्मेवारी सहितको खाका समेत प्रस्तुत गरेको छ ।

यसरी नै विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोंचका साथ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मूल नीतिको रुपमा तर्जुमा भै कार्यान्वयनमा आएको छ । साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३०, विपद् जोखिम न्यूनीकरण नीतिले तय गरेका उद्देश्य पूरा गर्न विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा सन् २०१५-२०३०, एशियाली मन्त्रीस्तरीय सम्मेलन २०१६ बाट पारित क्षेत्रीय योजना, विपद् जोखिम न्यूनीकरण विश्वव्यापी कार्यमञ्चको पाँचौ बैठकले पारित गरेको तथा कानकुन घोषणा (Cancun Declaration 2016) लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप तर्जुमा गरिएको छ । विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि नेपाल सरकारको प्रतिवद्धता सहितको राष्ट्रिय दस्तवेजको रुपमा यस कार्ययोजनाको मार्गदर्शक सिद्धान्त, दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, अपेक्षित परिणाम र प्राथमिकता प्राप्त क्षेत्रहरू निर्धारण गरिएको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३० का लक्ष्यहरू निम्नानुसार निर्धारण गरिएका छन् :

१. राष्ट्रिय स्तरमा विपद्बाट हुने मृत्युदर उल्लेख्य मात्रामा कम गर्ने ।

२. राष्ट्रिय स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने ।

३. राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा विपद्जन्य प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रुपमा कम गर्ने ।

४. महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रुपले कम गर्न उत्थानशिलता विकास गर्ने ।

५. प्रदेश र स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने ।

६. बहुप्रकोप पूर्व सूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको उपलब्धता र पहुँच उल्लेख्य रुपमा वृद्धि गर्ने ।

## *१.२ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्रहरू*

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना २०१८-२०३० ले सेन्डाई कार्यढाँचालाई मूल मार्गदर्शनको रुपमा लिएर निम्न अनुसारका ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरू निर्धारण गरेको छ ।

| | |
|---|---|
| प्राथमिकता प्राप्त क्षेत्र १: | विपद् जोखिमबारे बुझाइ |
| प्राथमिकता प्राप्त क्षेत्र २: | विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण |
| प्राथमिकता प्राप्त क्षेत्र ३: | विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशिलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन |

| प्राथमिकता प्राप्त क्षेत्र ४: | प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ पुनस्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण । |
|---|---|

त्यसैगरी, उक्त कार्ययोजनाले अठार वटा प्राथमिकता प्राप्त कार्यहरू पहिचान गरी हरेक प्राथमिकता प्राप्त कार्यहरूलाई अल्पकालीन (सन् २०१८–२०२०), मध्यकालीन (सन् २०१८–२०२५) र दीर्घकालीन सन् (२०१८–२०३०) र निरन्तर रुपमा गरिने क्रियाकलापका लागि अवधि तोकी रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

नेपालले दिगो विकास लक्ष्य २०१५–२०३० को विश्वव्यापी लक्ष्यलाई कार्यान्वयन गर्नका लागि नेपाल दिगो विकास लक्ष्यहरू तय गरेको छ । यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरू समेत समेटिएको छ । यसका अतिरिक्त, गरिवी र सङ्कटग्रस्त अवस्थामा रहेका मानिसहरूको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरूको वातावरणसँग सम्बन्धित विषम घटनाहरूका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू, विपद्का जोखिमहरू र सङ्कटासन्नतालाई कम गर्ने, सन् २०३० सम्ममा मृत्यु हुने र प्रभावित हुने व्यक्तिहरूको सङ्ख्या उल्लेखनीय रुपमा घटाउने साथै विपद्का कारण मृत्यु हुने, बेपत्ता भएका व्यक्तिहरू र प्रत्यक्ष रुपमा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रुपमा घटाउने, विपद्हरूको कारण राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने जस्ता रणनीतिक कार्ययोजनाका सूचकहरूसँग मेल खाने समेत समेटिएको छ ।

प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरे अनुरुप प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति गठन भई कार्य सुरु भइसकेको छ । पूर्वतयारी अन्तर्गत पूर्वसूचना प्रणाली; विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना; खोज, उद्दार र राहतको पूर्वतयारी गर्ने; आपत्कालीन अवस्थामा सङ्कटग्रस्त क्षेत्र घोषणाको लागि सिफारिस गर्ने; सुरक्षित स्थानान्तरण गर्ने; बजार तथा गुणस्तर नियमन/नियन्त्रण गर्ने जस्ता काम प्रदेशको अधिकार क्षेत्रभित्र रहेको छन् । साथै आकस्मिक कार्य सञ्चालन केन्द्र सञ्चालन, प्रदेश उद्दार तथा राहत कोष सञ्चालन निर्देशिका कार्यान्वयन, प्रदेश उद्दार तथा राहत कोषको व्यवस्था, प्रदेश आकस्मिक कोष ऐन, प्रदेशको विपद् व्यवस्थापन नियमावली, विपद् बीमा सम्बन्धी कार्यविधि र विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा भई विपद् व्यवस्थापनका प्रयासहरू समेत शुरुवात भइसकेका छन् ।

विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समिति गठन भई कार्य शुरु भै सकेको छ । साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिले वडा स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य सञ्चालन गर्न सक्ने व्यवस्था अनुरुप कार्य प्रारम्भ भएको पाइएको छ । त्यस अतिरिक्त केही स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, नगर स्तरीय जलवायु अनुकुलन योजना, विपद् जोखिम न्यूनीकरण कोष कार्यविधि, अग्नी नियन्त्रण कार्यविधि जस्ता विधिहरु तर्जुमा गरी कार्य शुरु गरेका छन् ।

शीघ्र पुनर्लाभका लागि मार्गदर्शन, २००८ (Guidance Note on Recovery), ले आधारभूत सेवा, जीवन निर्वाह, संक्रमणकालीन आश्रय, सुशासन, सुरक्षा र कानून र आदेशको पालना जस्ता कुरामा ध्यान दिन्छ । यसै सन्दर्भमा कोभिड–१९ को कारण नेपालमा पनि महामारी फैलिने अवस्थालाई मध्यनजर गरी सोबाट प्रभावितका लागि छिटो पुनर्लाभ योजना तर्जुमा गर्न द्रुत आवश्यकता लेखाजोखा (Rapid Need Assessment for Early Recovery Plan) प्रतिवेदन समेत तयार भएको छ । शीघ्र पुनर्लाभका लागि क्षेत्रहरू पहिचान गर्न यो लेखाजोखा गरिएको छ । यसमा छिटो पुनर्लाभले सुरक्षा, स्वास्थ्य तथा सुव्यवस्था, आर्थिक सुरक्षा, शिक्षा तथा सरसफाई क्षेत्रहरूलाई केन्द्रित गरेको छ । विपद् लेखाजोखा मार्गदर्शनले विभिन्न चरणहरूमा लेखाजोखाका चरणहरू निर्धारण गरेको छ । जस अनुसार पहिलो चरणमा प्रारम्भिक द्रुत लेखाजोखा, दोस्रो चरणमा बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा, तेस्रो चरणमा

विषयगत क्षेत्रको विस्तृत लेखाजोखा, चौथो चरणमा विपद् पश्चात क्षति तथा आवश्यकताको लेखाजोखा गर्ने तरिकाहरूबारे स्पष्ट व्यवस्था गरिएको छ (गृह मन्त्रालय, २०७२) । प्रदेश र स्थानीय तहले पनि यसै मार्गदर्शनमा भएका व्यवस्थाहरुलाई अङ्गीकार गरी पुनर्लाभका कार्यहरु सम्पादन गर्नुपर्ने हुन्छ ।

विपद् जोखिम सन्दर्भमा तर्जुमा गरिएका अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरू तथा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले तर्जुमा गरेका कानूनी र नीतिगत व्यवस्थाहरूको सारांश **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

## *१.३ नेपालमा विपद्का घटनाबाट भएको क्षति र असर*

*चित्र १: मुख्य दश विपद्का घटना संख्या*




विगत तीन वर्ष (वि. सं. २०७४ देखि २०७६ सम्म) को विपद्बाट भएको क्षतिको विवरण हेर्दा आगलागी, पहिरो, चट्याङ, बाढी, हावाहुरी, अविरल वर्षा, सर्पदंश वर्षेनी दोहोरिइरहने र बढी प्रभाव पार्ने प्रकोपको रुपमा देखिएका छन् । पछिल्ला वर्षहरूमा भने जनावर आतङ्क बढ्दो प्रकोपको रुपमा देखापरेको छ। हात्ति, बँदेल, चितुवा बाघको आतङ्क र बाँदरले खेतिबारी नोक्सानी गरेका समाचार पटक-पटक आउनु र कतिपय स्थानीय तहहरूले बादर धपाउन वार्षिक बजेट समेत विनियोजन गर्नुपर्ने अवस्थाले जनावर आतङ्क दिन प्रतिदिन बढ्दै गएको देखिन्छ। घटनाको पक्षबाट हेर्दा उपर्युक्त तीनवटै वर्षहरूमा आगलागीका घटनाहरू सबैभन्दा बढी देखिएका छन् भने दोस्रो स्थानमा पहिरो र चट्याङ तस्रो स्थानमा रहेको छ ।

*चित्र २: प्रमुख दश विपद्बाट मृत्यु भएको जनसंख्या*




मानवीय क्षतिको पक्षबाट हेर्दा विगत तीन वर्षमा चट्याङबाट सबैभन्दा बढी २६१, बाढीबाट २५९, पहिरोबाट २४७, र आगलागीबाट २२३ जनाको मृत्यु भएको पाइएको छ ।

नेपालको सन्दर्भमा भूकम्प एक प्रमुख प्रकोप हो । गत तीन वर्षमा यस प्रकोपको असर नदेखिएता पनि यसलाई विपद्को प्रमुख कारणको रुपमा लिनु पर्दछ । साथै बाढी पनि एक प्रमुख प्रकोप हो । नदी वेशीनहरूमा बाढीको सूचना दिनका लागि पूर्व सूचना प्रणालीको स्थापनाले गर्दा करिव पाँच वर्ष यता यसबाट मानवीय क्षति कम भएको छ तथापी कृषि बाली तथा घर गोठहरूको नोक्सानी भने घटेको छैन ।




विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन ऐन २०७४ ले सवारी दुर्घटनालाई पनि विपद्को सूचीमा सूचीकृत गरकोले यस कारणबाट हुने क्षतिलाई पनि विपद्को असर र प्रभावको रुपमा लिनु पर्ने हुन्छ । सवारी दुर्घटनालाई विपद्को रुपमा लिने वा नलिने भन्ने विवाद अझै रहेको भएता पनि कानूनी व्यवस्थाले स्वीकार गरिसकेको हुनाले यस सम्बन्धी तथ्याङ्कलाई पनि मध्यनजर गर्नुपर्ने हुन्छ । नेपाल प्रहरीबाट प्राप्त तथ्याङ्क हेर्दा यसबाट हुने मानवीय क्षति वर्षेनि बढ्दै गएको छ । २०७४ देखि २०७६ सम्मको तथ्याङ्क हेर्दा सरदर दुई हजारभन्दा बढी सङ्ख्यामा मृत्यु र गम्भिर घाइतको सङ्ख्या सरदर सात हजारभन्दा बढी नै दखिन्छ । दुर्घटनाको प्रमुख कारण चालकको लापर्वाही, दोस्रोमा तीव्र गति, तेस्रोमा यात्रुको गल्ति, चौथोमा मादक पदार्थ सेवन र पाँचौमा यान्त्रिक गडबडी रहेको छ । हालसम्म यसको सामाजिक आर्थिक विश्लेषण भएको पाइँदैन । २०७२ सालको भूकम्पबाट भएको मानवीय क्षति बाहेक अन्य वर्षहरूमा अरु सबै किसिमका विपद्बाट भन्दा सडक दुर्घटनाजन्य विपद्बाट भएको मानवीय क्षति अत्यधिक रहेको छ। यसैले, सडक दुर्घटनाको कारणबाट हुने जनधनको क्षतिका विषयमा अबका दिनहरूमा गम्भिर रुपले सोच्नुपर्ने अवस्था देखिएको छ । विगत तीन वर्षमा विपद्बाट भएको क्षतिको विवरण **अनसूची २** मा दिइएको छ ।




नेपालमा आर्थिक वर्ष २०७७ को पहिलो ६ महिनामा पहिरोको कारणबाट धेरैको हताहत भएको छ । विपद् जोखिम न्यूनीकरण पोर्टल (DRR Portal) अनुसार यस अवधिमा पहिरोबाट मृत्यु हुनेको संख्या २९७, हराएको संख्या ६४, घाइते संख्या ३१५ जना र पहिरोबाट प्रभावित घर परिवार संख्या ७६३ रहेकोले पहिरो पनि विपद्को प्रमुख कारणका रुपमा देखिएको छ ।

### *१.४ नेपालमा कोभिड-१९ महामारीको विद्यमान अवस्था र त्यसको असर*

कोभिड-१९ को महामारीले समग्र विश्व नै आक्रान्त रहेको छ। यसले मानवीय क्षतिसँगै आर्थिक-सामाजिक क्षेत्रमा पनि नराम्रो असर पारेको छ। अहिलेसम्ममा विश्वभर ४ करोडभन्दा बढी मानिस संक्रमित भैसकेका छन् भने ११ लाखभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। अल्पविकसित मुलुक मात्र नभई अमेरिका लगायतका प्रायः सबै विकसित मुलुकहरू समेतको आर्थिक वृद्धिदर नराम्रोसँग ऋणात्मक हुन पुगेका छ । थुप्रै मानिसहरूको रोजगारी र आयमा कटौती भएको छ। नेपालमा पनि पहिलो पटक २०७६ माघ ११ गते संक्रमण देखिएकोमा त्यसपछि चैत्र ११ सम्म कुनै संक्रमण देखिएन। तर त्यसपछिका दिनहरूमा क्रमशः बढ्दै गएर आषाढ ११ गतेका दिन तत्कालकै उच्च अर्थात् १७०६ जनामा संक्रमण देखियो । त्यसपछिका दिनहरूमा भाद्र महिनाको सुरुदेखि भने दैनिक एक हजारको आसपास घुमिरहेको संक्रमणको दर पछिल्ला दिनहरूमा पाँच हजारसम्म पुग्न गयो। नेपालमा २०७७ कार्तिक २ गतेसम्म १ लाख ३२ हजार व्यक्तिहरू कोभिड-१९ संक्रमणको शिकार भएका छन् भने ७०० भन्दा बढी नेपाली नागरिकहरूले यसको कारण ज्यान गुमाइसकेका छन्।

| **२०७७ कार्तिक २ गतेसम्मको कोभिड-१९ ताजा जानकारी** | |
|---|---|
| जम्मा संक्रमित संख्या | १३२२४६ |
| जम्मा निको हुने संख्या | ९२१६६ |
| मृत्यु हुनेको संख्या | ७३९ |
| RT-PCR परीक्षणको संख्या | १२८३३५४ |
| आइसोलेसनमा रहनेको संख्या | ३९३४१ |
| क्वारेन्टाइनमा रहनेको संख्या | ४८३१ |

*स्रोतः दैनिक कोभिड-१९ अपडेट, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

सरकारले रोग अनुसन्धानको निम्ति *आरटी* र *पीसीआर* परीक्षण चलाइरहेको छ भने *आइसोलेसन, क्वारेन्टाइन, कन्ट्याक्ट ट्रेसिङ* जस्ता निरोधात्मक तथा उपचारात्मक पद्धतिको प्रयोग गर्दै नेपाल कोभिड-१९ सँग जुधिरहेको छ। यस महामारीको कारण नेपालको अर्थतन्त्रमा पनि नराम्रो असर परेको छ। संक्रमण रोकथामका निम्ति सुरक्षात्मक उपाय स्वरूप नेपाल सरकारले जारी गरेको बन्दाबन्दी र निषेधाज्ञाको कारण नागरिकहरुको आवागमनमा बाधा पर्नुका साथै प्रायः सबै आर्थिक तथा सामाजिक गतिविधिहरूमा रोकावट पैदा भएको छ। नागरिकहरूको आय र रोजगारीमा नकारात्मक असर परिरहेको छ। यसबीचमा प्रभावित नागरिकहरू र खासगरी व्यवसायीहरुको निम्ति सरकारले विद्युत् महाशूलमा कटौती, घरभाडा करमा छुटका लागि घरधनीहरूलाई आग्रह, पुनर्कर्जा, कर्जाको पुनर्तालिकीकरण, ब्याजदरमा छुट जस्ता राहतका प्याकेजहरु अघि सारेको छ।

# भाग २:
# विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा प्रक्रिया

विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमाका लागि बेग्लै प्रकृयागत चरणहरु छैनन्। यसका लागि पनि अन्य नियमित योजना तर्जुमा प्रकृया अनुरुप नै समस्याको पहिचान विश्लेषण गरी सोको निराकरणका लागि अवलम्बन गरिनु पर्ने नीति तथा कार्यक्रम, सोको लागि आवश्यक पर्ने स्रोतको व्यस्थापन एबम् योजना तर्जुमा गर्दा सरोकारवालाहरुको सहभागिता र तर्जुमा भएको योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्ने संस्थागत जिम्मेवारी जस्ता कार्यहरु सम्पन्न गनुपर्ने हुन्छ। यस सन्दर्भमा विपद् पश्चातको सामाजिक आर्थिक पुनर्लाभ योजना तर्जुमा कार्य समान्यतया निम्न चरणहरूमा सम्पन्न गर्न उपयुक्त हुन्छः

१ विपद्को पहिचान

२ पुनर्लाभ योजना तर्जुमाको निम्ति मुख्य जिम्मेवारी निर्धारण

३ विपद्जन्य क्षति तथा नोक्सानीको मूल्याङ्कन

४ विपद्को असर मूल्याङ्कन

५ विपद् पश्चात्को आवश्यकता पहिचान

६ विपद् पश्चात्को पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा

७ पुनर्निर्माण तथा पुनर्लाभ योजनाको स्वीकृति

## चरण १: विपद्को पहिचान

यस चरणमा सबैभन्दा पहिले विपद् प्रकृतिजन्य वा मानवजन्य के हो यकीन गर्नु पर्दछ। त्यसैगरी विपद्को प्रकार, त्यसको सघनता, समयावधि र त्यसले प्रभाव पारेको भौगोलिक क्षेत्रको पहिचान गर्नुपर्छ। उत्पत्तिको आधारमा विपद्को वर्गीकरण मुख्यतयाः यसरी गर्न सकिन्छः

| क्र.स. | विपद्को उत्पत्ति | विपद्को विवरण |
|---|---|---|
| १ | पृथ्वीको भौगर्भिक परिवर्तनजन्य | भूकम्प, सुनामी, ज्वालामुखी आदि |
| २. | पृथ्वीको सतहमा हुने परिवर्तनजन्य | भू-क्षय (पैरो), भास्सिनु, हिमपैरो आदि |
| ३. | जलवायु तथा मौसमी प्रक्रियाजन्य | बाढी, सुख्खा/खडेरी, असिना, आँधी/तूफान, भूँवरी, शीतलहर, चट्यांग, हिमपात, आदि |
| ४. | जैविक उत्पत्तिजन्य | बालीमा लाग्ने महामारी (सलह), महामारी रोग (हैजा, प्लेग, डेंगु, मार्स, सार्स, कोभिड आदि) |
| ५. | मानव/प्रकृति जन्य | आगलागी |

विपद्को प्रकार एकीन गरीसकेपछि त्यसको सघनता के छ सो समेत जानकारी हुन आवश्यक छ। यस्तो सघनतालाई विभिन्न एकाईमा मापन गर्ने गरिन्छ। भूकम्प भए रेक्टर स्केलमा मापन गरिने हुन्छ भने आँधी तुफान वा अन्य विपद्का लागि सघनता मापन गर्ने एकाई उपलब्ध भएसम्म त्यस्तो तथ्याङ्कको उपलब्धताले समस्याको गहिराई पत्ता लगाउन र अवलम्बन गर्नुपर्ने कार्यका लागि आधार प्रदान गर्न सक्दछ।

सघनतासँगै विपद्को घटना घटेको समयावधि र पुनरावृत्ति सम्बन्धी सूचना तथा जानकारी प्राप्त भएको अवस्थामा समस्याको गहिराई र त्यसले पारेको असरको सही तथा यथार्थपरक अनुमान लगाउन र सोही आधारमा राहत उद्धार, पुनर्स्थपना एबम् पुनर्लाभको योजना तर्जुमा गर्न सहज हुन सक्दछ। त्यसैगरी विपद्ले प्रभावित गरेको भौगोलिक क्षेत्र र जनसङ्ख्याको पहिचान पनि विपद्पछिको पुनर्लाभ योजना तर्जुमा कार्यका लागि अर्को महत्वपूर्ण प्रारम्भिक चरणको कार्य हो। विपद् प्रभावित भौगोलिक क्षेत्र र जनसङ्ख्या सम्बन्धी तथ्याङ्कको उपयोग पुनर्लाभ योजना तर्जुमा कार्यमा मात्र नभई खोज, उद्धार र राहत वितरण सम्बन्धी कार्यका लागि पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

## चरण २: पुनर्लाभ योजना तर्जुमाको निम्ति मुख्य जिम्मेवारी निर्धारण

विपद्को पहिचान गरी सोसँग सम्बन्धित प्रारम्भिक सूचना तथा विवरणको प्राप्ती पछि यदि विपद्को सघनता र यसको असर एबम् प्रभावित क्षेत्र र जनसङ्ख्या उच्च रहेछ भने यसबाट पर्ने सामाजिक आर्थिक असरको लेखाजोखा गरी पुनर्लाभ योजना नै तयार गर्नुपर्ने हुन सक्दछ। तसर्थ यसका लागि स्थानीय विपद् व्यबस्थापन समितिले विपद्को द्रुत लेखाजोखा गरी असरको आँकलन गर्ने कार्य सबैभन्दा पहिले गराउनु पर्दछ। यसका लागि विपद् व्यबस्थापन समितिले छोटो अवधि तोकी समितिका पदाधिकारी आफै वा आवश्यक भए विज्ञहरुको समेत सहयोग लिई सामाजिक आर्थिक पुनर्लाभ योजना तर्जुमा गर्न आवश्यक भए नभएको एकीन गर्नु पर्दछ। द्रुत लेखाजोखा गर्दा विपद्ले पुऱ्याएको मानवीय वा भौतिक क्षतिलाई नै मुख्य आधारको रुपमा लिन उपयुक्त हुन्छ। यस्तो द्रुत लेखाजोखा गर्ने कार्य सकेसम्म विपद्को घटना भएको तीन दिनभित्रमा गर्न उपयुक्त हुन्छ। यसरी गरिने द्रुत लेखाजोखाबाट यदि ठूलो असर नपरेको र आर्थिक सामाजिक पुनर्लाभ योजना तर्जुमाको आवश्यकता नपर्ने देखिएमा स्थानीय विपद् व्यबस्थापन समितिले सोही व्यहोरा स्थानीय तहको कार्यपालिकामा जानकारी गराउन उपयुक्त हुन्छ।

विपद्को कारण ठूलो आर्थिक सामाजिक असर नपरेको कारण छुट्टै योजना तर्जुमा गर्नुपर्ने आवश्यकता नपर्ने तर विपद् प्रभावितको खोज, उद्धार तथा राहतको व्यबस्थापन गर्नुपर्ने अवस्था विद्यमान भएमा स्थानीय विपद् व्यबस्थापन समितिले स्वीकृत नीति तथा कार्यक्रमको परिधिभित्र रही त्यस्तो कुराको व्यबस्थापन गर्न सक्नेछ।

विपद्को घटनाबाट पर्न गएको असर अनुसार सामाजिक तथा आर्थिक पुनर्लाभ योजना नै तर्जुमा गर्नुपर्ने अवस्थामा सोसम्बन्धी कामको निम्ति आवश्यक नेतृत्व, समन्वय र सहजीकरण गर्ने कार्य स्थानीय विपद् व्यवस्थापन समितिले गर्न उपयुक्त हुन्छ। समितिले योजना तर्जुमाको आवश्यकता ठहर गरेको अवस्थामा सोही व्यहोरा बैठकमा पेश गरी कार्यपालिकाको निर्णय बमोजिम योजना तर्जुमा प्रकृया अघि बढाउन उपयुक्त हुन्छ। यसका लागि गाउँ/नगरपालिकामा विद्यमान कानूनी व्यवस्था समेतलाई ध्यान दिई त्यसका लागि गर्नुपर्ने कार्यको पहिचान गरी जिम्मेवारी समेत निर्धारण गर्नु उपयुक्त हुन्छ। यसरी जिम्मेवारी दिँदा स्रोत र समयावधि समेतको कार्यक्षेत्र तोक्नु पर्दछ। जिम्मेवारी निर्धारणको नमुना तल दिइएको छ।

| निकाय | जिम्मेवारी | समयावधि |
|---|---|---|
| कार्य समूहहरू | विपद् पश्चात्को क्षति तथा नोक्सानी र असरको मूल्यांकन, विपद् पश्चात्को आवश्यकता पहिचान, पुनर्लाभ योजनाको स्कोपिङ्ग गरी स्रोतको आँकलन, अन्तर निकाय समन्वय संयन्त्रको प्रस्ताव तयारी | १ महिनाभित्र |
| सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा कार्यदल | विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा | त्यसपछिको १५ दिनभित्र |
| स्थानीय विपद् व्यवस्थापन समिति | विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमाको नेतृत्व र योजना स्वीकृतिको लागि सिफारिश | त्यसपछिको १५ दिनभित्र |
| गाउँ/नगर कार्यपालिका | विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना स्वीकृति तथा कार्यान्वयन | त्यसपछिको ७ दिनभित्र |

सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमाको लागि विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने महाशाखा वा शाखा गठन भएको भएमा सो महा/शाखाको प्रमुखको संयोजकत्वमा र नभएमा प्रशासकीय अधिकृतको संयोजकत्वमा बढीमा पाँच सदस्य रहेको कार्यदल गठन गर्न उपयुक्त हुन्छ । त्यसैगरी, कार्य समूहहरूमा सो विषयमा योगदान दिन सक्ने स्थानीय तहका कर्मचारीहरू तथा संघसंस्थाका प्रतिनिधिहरू समावेश गरी गठन गर्नु पर्दछ । योजना तर्जुका लागि कार्यदलले बाह्य परामर्शदाताको सहयोग आवश्यकता महसुस गरेमा स्वीकृत बजेटको व्यवस्था हेरी त्यस्तो सहयोग लिन सकिने छ ।

## चरण ३: विपद्जन्य क्षति तथा नोक्सानीको मूल्यांकन

विपद् पश्चात्को सामाजिक-आर्थिक पुनर्लाभको योजना निर्माणको लागि यस चरणमा गरिने कार्यले योजनाको आधारशीला निर्माण गर्ने हुनाले यसको गुणस्तर तथा समयावधिमा विशेष ध्यान दिनु पर्दछ । विपद्बाट खासगरी भौतिक, मानवीय, आर्थिक र वातावरणीय क्षति तथा नोक्सानी पुगेको हुन्छ । त्यसैगरी, विपद्को प्रकृतिको आधारमा त्यसबाट पर्ने असर मात्रात्मक वा गुणात्मक, मूर्त वा अमूर्त, प्रत्यक्ष वा अप्रत्यक्ष, तत्कालीन वा दीर्घकालीन हुन सक्छन् । यस चरणमा गरिने कार्यलाई निम्न अनुसार क्रमशः व्याख्या गरिएको छ :




**क. क्षति तथा नोक्सानीका क्षेत्रहरुको पहिचान:** विपद्को कारण हुने क्षति तथा नोक्सानी सामाजिक, आर्थिक, पूर्वाधार र वातावरणीय गरी चार क्षेत्रमा हुन सक्छन् । यहाँ क्षति भन्नाले प्रभावित क्षेत्रभित्र विपद्का कारण भएको भौतिक सम्पत्तिहरूको आंशिक वा पूर्ण रूपको विनाश हो, जुन भौतिक एकाई (व.मी., कि.मी., टन आदि) मा नापिन्छ र त्यसको मूल्य भने विपद् पूर्वको लागतको आधारमा नापिन्छ । त्यस्तै, नोक्सानी भन्नाले विपद्को कारणले तत्कालै वा पुनर्लाभ र पुनर्निमाणको अवस्था सम्ममा भएको सामाजिक तथा आर्थिक हिसाबले पर्न गएको असरलाई बुझ्न सकिन्छ । उदाहरणको लागि- उत्पादनमा ह्रास, उत्पादन लागतमा वृद्धि, सेवा लागतमा

वृद्धि, अप्रत्यासित मानवीय सहायता खर्च आदि । नोक्सानीलाई चालू मुल्यमा नापिन्छ । विपद्को कारण हुने यस्ता क्षति तथा नोक्सानीका क्षेत्रहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

- प्रत्यक्ष क्षति तथा नोक्सानी (Direct damage and loss): विपद्को कारणले भएको भौतिक क्षति वा नोक्सानी (जस्तैः मानिसको मृत्यु तथा बेपत्ता, जीवजन्तु, भवन, भौतिक पूर्वाधार, जमीन, बालीनाली, भण्डारण गरिएका वस्तु, कच्चा पदार्थ आदि) ।

- अप्रत्यक्ष नोक्सानी (Indirect loss) : विपद्को कारण भएको भौतिक क्षतिको परिणाम स्वरूप हुने आर्थिक तथा सामाजिक गतिविधिमा हुन जाने नोक्सानी (जस्तैः आवागमनमा अवरोध, औषधि उपचार, शिक्षा तथा सामाजिक क्रियाकलापमा अवरोध, उत्पादन बिक्री वितरणमा अवरोध, रोजगारी/आयमा ह्रास, वैकल्पिक उत्पादन वा सेवा व्यवस्थापनको लागि लाग्ने थप खर्च आदि)

- अमूर्त (Intangible) सम्पत्तिको नोक्सानी : प्रत्यक्ष देख्न नसकिने र प्रतिस्थापन गर्न नसकिने क्षति/नोक्सानी (जस्तोः साँस्कृतिक सम्पदा, मानवीय कला तथा सीप, इजाजतपत्र, प्राचीन सम्पदा, ख्याति आदि)

**ख. क्षति तथा नोक्सानीको सूचना सङ्कलन प्रक्रियाको निर्धारणः** विपद् पश्चात्को क्षति तथा नोक्सानी र त्यसले पारेका असर मूल्याङ्कनको निम्ति सबभन्दा उत्तम र भरपर्दो विधि सर्भेक्षण विधि नै मानिन्छ । यसको लागि विपद्को प्रकृतिको आधारमा नोक्सानीको सूचनाको स्रोत (प्राथमिक वा द्वितीय), सूचनाको प्रकार (परिमाणात्मक वा गुणात्मक), सूचना सङ्कलनको विधि (दस्तावेज अध्ययन, अन्तर्वार्ता/सर्भेक्षण, सामुहिक छलफल आदि) विधि निर्धारण सहित सूचना सङ्कलनको जिम्मेवारी निर्धारण गर्नुपर्छ । जिम्मेवारीको साथै सो कामको समयावधि तथा बजेट समेतको अनुमान गरी नोक्सानीको सूचना सङ्कलनको लागि तल दिएको ढाँचामा कार्ययोजना तयार गर्नु पर्दछ ।

| सूचनाको प्रकार | सूचनाको स्रोत | सूचनाको प्रकार | सङ्कलन विधि | सङ्कलनको जिम्मेवारी | समयावधि | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|
| १. विपद्को प्रकारः ...........<br>अवधिः .......देखि......... सम्म<br>स्थानः ............... | | | | | | |
| प्रत्यक्ष नोक्सानीको सूचना | | | | | | |
| अप्रत्यक्ष नोक्सानीको सूचना | | | | | | |
| अमूर्त सम्पत्तिको नोक्सानीको सूचना | | | | | | |

**ग. सर्भेक्षणको लागि प्रश्नावली तयारीः** प्रश्नावली तयार गर्दा घरपरिवार, पेशा व्यवसाय र सरकारी तथा गैर-सरकारी कार्यालयहरूको निम्ति अलग अलग प्रश्नावली तयार गरिनु सान्दर्भिक हुन्छ । यसका साथै विपद्को प्रकारको आधारमा त्यसबाट हुने हानी नोक्सानीको प्रकृति र आयाम फरक हुने भएकोले त्यसै अनुरूपको प्रश्नावली तयार गरिनु आवश्यक हुन्छ । प्रश्नावलीमा विपद्को कारणबाट भएको जनधनको क्षति, सार्वजनिक पूर्वाधारहरूको क्षति, आय र रोजगारीमा ह्रास, सार्वजनिक सेवा र साँस्कृतिक सम्पदाको पहुँचमा भएको अवरोध, सामाजिक विभेद जस्ता असर सम्बन्धी सूचना प्राप्त हुन सक्ने गरी तयार गरिनु आवश्यक हुन्छ । प्रश्नावलीको स्वरूपमा हुनुपर्ने महत्वपूर्ण पक्षहरू तलको तालिकामा दिईएको छ ।

| असरको क्षेत्र | सङ्कलन गर्नुपर्ने सूचना |
|---|---|
| प्रभावित जनसङ्ख्या | **सामान्य विवरणः** नाम थर तथा पारिवारिक विवरण, बसोवास अवस्था, विपद् सम्बन्धी विगतको अनुभव आदि<br>**प्रत्यक्ष क्षति तथा नोक्सानीः** व्यक्ति (मृत्यु, बेपत्ता, घाइते, बिरामी आदि), सम्पत्ति (भवन, जमिन, चल सम्पत्ति, जिन्सी सामान, खाद्यान्न, पशुधन, सवारी साधन आदि) बालीनाली, आदि)<br>**अप्रत्यक्ष नोक्सानीः** रोजगारी तथा आय, जीविकोपार्जन, स्वास्थ्य तथा शिक्षाको सहज पहुँच, ढुवानी तथा यातायात सुविधा, सँस्कृति तथा सम्पदा, कृषि सेवा तथा सुविधा, खानेपानी/बिजुली सुविधा, फोहरमैला व्यवस्थापन, मानसिक स्वास्थ्य, औषधि उपचार, लैङ्गिक तथा जातिय हिंसा, अस्थायी बसोबास व्यवस्था, अवशेष हटाउने आदि |
| आर्थिक क्षेत्र | **उपक्षेत्रहरूः** कृषि/उद्योग/व्यापार/पर्यटन<br>**सामान्य विवरणः** व्यवसायको परिचय, विपद् सम्बन्धी विगतको विगतको अनुभव तथा पूर्वतयारी<br>**प्रत्यक्ष क्षति तथा नोक्सानीः** प्रतिष्ठानमा कार्यरत व्यक्ति (मृत्यु, बेपत्ता, घाइते, बिरामी आदि), उद्योग, जमीन, भवन, फर्निसिङ्ग, उपकरण तथा अन्य पूर्वाधारहरू, व्यापारिक वस्तुहरू, भण्डारण गरेका उत्पादन तथा कच्चा सामग्री, कृषि तथा पशुपंक्षीजन्य उत्पादन आदि<br>**अप्रत्यक्ष नोक्सानीः** वस्तु वा सेवाको उत्पादन, बिक्री, उत्पादन लागत, श्रमिक आपूर्ति, वस्तु आपूर्ति तथा मूल्य, वित्तीय व्यवस्थापन क्षमता, उपचार खर्च, अवशेष हटाउने खर्च, अस्थायी प्रबन्ध खर्च आदि<br>**अमूर्त सम्पत्तिको नोक्सानीः** इजाजतपत्र, ख्याति आदि |
| सामाजिक क्षेत्र | **उपक्षेत्रः** शिक्षा<br>**सामान्य विवरणः** शैक्षिक संस्थाको परिचय, भौतिक अवस्था, शिक्षक, विद्यार्थी तथा कर्मचारीहरू, विपद् सम्बन्धी विगतको अनुभव तथा पूर्वतयारी<br>**प्रत्यक्ष क्षति तथा नोक्सानीः** शैक्षिक संस्थामा कार्यरत व्यक्ति (मृत्यु, बेपत्ता, घाइते, बिरामी आदि), पूर्वाधार र सम्पत्तिको क्षति, आदि<br>**अप्रत्यक्ष नोक्सानीः** शिक्षा सेवा तथा पठन पाठनमा असर (समय तथा विद्यार्थी सङ्ख्या, शैक्षिक क्रियाकलापमा पारेको असर, विद्यार्थीमा मनोसामाजिक प्रभाव) पुनःसञ्चालन आवश्यकता, शिक्षक तथा विद्यार्थीमा परेको असर, अस्थायी प्रबन्ध तथा सञ्चालन, अवशेष हटाउने खर्च आदि |
| | **उपक्षेत्रः** स्वास्थ्य<br>**सामान्य विवरणः** स्वास्थ्य संस्थाको परिचय, भौतिक व्यवस्था, स्वास्थ्यकर्मी सङ्ख्या, विपद् सम्बन्धी विगतको विगतको अनुभव तथा पूर्वतयारी<br>**प्रत्यक्ष क्षति तथा नोक्सानीः** स्वास्थ्य संस्थामा कार्यरत व्यक्ति (मृत्यु, बेपत्ता, घाइते, बिरामी आदि), पूर्वाधार र सम्पत्तिको क्षति, औषधि तथा स्वास्थ्य सामग्रीको क्षति,<br>**अप्रत्यक्ष नोक्सानीः** स्वास्थ्य सेवा तथा सुविधामा असर (रोकथाम, परामर्श तथा उपचार), स्वास्थ्य सामग्री, कर्मचारी तथा जनशक्तिको कामको निरन्तरता, अस्थायी प्रबन्ध तथा सञ्चालन खर्च आदि |
| सार्वजनिक सेवा तथा पूर्वाधार | **उपक्षेत्रहरूः** सार्वजनिक भवन/सम्पदा/सडक/पुल/खानेपानी तथा सरसफाई/सार्वजनिक स्थल/विद्युत्/स्थानीय बजार/फोहरमैला व्यवस्थापन/लैङ्गिक समता तथा समावेशिता/राजस्व सङ्कलन/अन्य सार्वजनिक सेवा तथा सुविधा<br>**सामान्य विवरणः** वडा कार्यालयका भवनहरू, कर्मचारी सङ्ख्या विपद् सम्बन्धी विगतको अनुभव तथा पूर्वतयारी |

| | |
|---|---|
| | **प्रत्यक्ष क्षति तथा नोक्सानीः** वडा कार्यालयमा कार्यरत व्यक्ति (मृत्यु, बेपत्ता, घाइते, बिरामी आदि), वडा कार्यालयको सम्पत्ति (भवन, जमिन, मेसिन तथा उपकरण, फर्निचर, सवारी साधन, दस्तावेज तथा कागजात, चल सम्पत्ति, जिन्सी सामान, अस्थायी सञ्चालन खर्च, अवशेष हटाउने खर्च आदि), वडाभित्रका सार्वजनिक संरचनाहरू (सरकारी कार्यालय, सामुदायिक भवन, पुस्तकालय, धार्मिक संरचनाहरू, स्थानीय हाटबजार, सार्वजनिक शौचालय आदि) को भौतिक क्षतिको विवरण, वडाभित्रका सामाजिक-आर्थिक पूर्वाधारहरू (सडक तथा पुल, खानेपानी तथा ढल निकास, फोहरमैला व्यवस्थापन, सिंचाई, भू-संरक्षण, ऊर्जा, विद्युत्, सार्वजनिक स्थल आदि) मा पारेको क्षतिको विवरण<br>**अप्रत्यक्ष नोक्सानीः** निर्माणाधिन पूर्वाधार योजनामा परेको असर, प्रशासनिक सेवा प्रवाहमा परेको असर, राजस्व संकलनमा परेको असर, लैङ्गिक समता, सामाजिक सद्भावमा परेको असर, सार्वजनिक पूर्वाधार सेवामाथिको पहुँचमा परेको अवरोध, अस्थायी प्रबन्ध तथा सञ्चालन खर्च आदि<br>**अमूर्त सम्पत्तिको नोक्सानीः** सामाजिक तथा धार्मिक रीति-रिवाज, सांस्कृतिक तथा प्राकृतिक सम्पदा, वातावरण आदि |

सामान्य मार्गदर्शनको रूपमा **अनुसूची ३** मा दिइएको नमुना प्रश्नावली हेर्न सकिन्छ । यो प्रश्नावली सबै प्रकारको विपद्मा सान्दर्भिक हुने गरी बनाइएकाले प्रश्नकर्ताले सर्भेक्षण गर्न लागिएको विपद्सँग सम्बन्धित प्रश्नको मात्र उत्तर सङ्कलन गर्नु पर्दछ ।

**घ. स्थलगत सर्भेक्षण विधि छनोटः** माथि उल्लेख गरिए झैं विपद्को असरको वास्तविक मूल्याङ्कनका निम्ति सर्भेक्षण विधिलाई सबभन्दा प्रभावकारी र वास्तविक मूल्याङ्कन विधिको रूपमा लिइन्छ । यस विधिमा विपद्को प्रकृति अनुसारको असर तथा मूल्याङ्कनका विषयहरू निश्चित गरिसकेपछि तलका दुईमध्ये कुनै एक तथ्याङ्क/सूचना संकलन विधि छनोट गर्नु पर्दछ ।

१. ***नमुना सर्भेक्षण (Sampling) :*** यदि प्रकोपको असरको क्षेत्र ठूलो छ र गणना विधि अपनाउन धेरै समय र स्रोत लाग्ने भएमा नमुना सर्भेक्षण विधि अपनाउनु पर्दछ, जस्तो कोभिड-१९ महामारी, बाढी, शीतलहर आदिले पुऱ्याएको नोक्सानी । नमुना सर्भेक्षणको लागि नमुनाको आकार (Sample size)को गणना निम्न अनुसार गर्न सकिन्छ ।

**नमुनाको आकार गणना (Determination of sample size)**

सर्भेक्षणका सन्दर्भमा सम्पूर्ण लक्षित जनसङ्ख्याको सर्भे गर्न नसकिने अवस्थामा सर्भे गर्ने सङ्ख्याको पहिचान गर्नका लागि नमुनाको आकार (Sample Size) निर्धारण गर्नु पर्दछ । नमुनाको आकारको गणना निम्न दुई चरणमा गर्नु पर्दछ :

**चरण १. जनसङ्ख्याको लागि नमुना आकारको गणना (Calculate the sample size of infinite population)**

$S = Z^2 * P * (1-P) / M$

S = Sample size for infinite population

Z = Z Score (determined based on confidence level)

P = Population proportion (assumed to be 50% = 0.5)

M = Margin of Error (small amount that is allowed for in case of miscalculation or change)

सामान्यतया: सर्भेमा Confidence Level 95% र Margin of Error 5% राख्नु उपयुक्त हुन्छ। जस अनुरूप माथि उल्लिखित समीकरणमा Z = 1.960, P = 0.5 र M = 0.05 हुन्छ। उल्लिखित मान अनुसार अनन्त जनसङ्ख्याको Sample Size (S) = 384.16 हुन्छ।

**२. आवश्यक जनसङ्ख्यामा नमुना आकार समायोजन (Adjust the sample size to required population)**

निम्न सूत्रको प्रयोग गरी समायोजित नमुना आकार (Adjusted sample size) को गणना गरिन्छ :

Adjusted Sample Size = S/{1 + (S-1)/ P }
S = Sample size for infinite population (calculated as above)
P = Population

यसरी गणना गरिएको समायोजित नमूना आकार नै लक्षियत जनसङ्ख्याका लागि गरिने सर्भेको नमुना आकार (Sample size) हुनेछ।

**उदाहरणः**

(क) मानौ ....... नगरपालिकामा जम्मा १०,००० घरधुरी छ। उक्त नगरपालिकामा कोभिड-१९ को असरको अवस्था सम्बन्धी घरधुरी सर्भेक्षण गर्नुपरेमा सर्भे नमुना आकार (Sample size) निम्नानुसार निर्धारण गरिन्छ :

Adjusted sample size = S/{1 + (S-1)/ P }
S = Sample size for infinite population (calculated as above)
P = Population

जसअनुरूप माथि उल्लिखित समीकरणमा S = 384.16, P = 10,000 हुन्छ। उल्लिखित मान अनुसार गणना गर्दा Adjusted sample size (S) = 370 हुन्छ। अब उक्त नगरपालिकामा जम्मा ३७० वटा घरधुरीमा सर्भेक्षण गरी सोको आधारमा क्षतिको अनुमान गरिन्छ।

*नोटः यदि जनसङ्ख्या ठूलो र भिन्न प्रकृतिका विषेशतायुक्त भएमा प्रकृति अनुसार जनसङ्ख्यालाई विभिन्न समूहमा वर्गीकरण (stratification) गर्नुपर्दछ। उल्लिखित सम्पूर्ण वर्गीकरणको जनसङ्ख्या अनुसार छुट्टा-छुट्टै Adjusted sample size गणना गरी जम्मा Sample size निर्धारण गर्नुपर्दछ।*

**नमुना क्षेत्र र सूचनाकर्ताको छनोटः** विपद्को प्रकार र असरसँगै भौगोलिक, साँस्कृतिक, आर्थिक, सामाजिक पक्षको सन्तुलन मिल्ने गरी नमुना क्षेत्र र सूचनादाताहरूको छनौट गर्नु उपयुक्त हुन्छ। सकेसम्म तथ्याङ्कशास्त्रीय हिसाबले समग्र प्रभावित क्षेत्रको प्रतिनिधित्व र अध्ययनको वैधता हुने गरी नमुनाको आकार तय गर्नुपर्दछ। सूचनादाताको छनौट गर्दा विपद्बाट प्रभावित भएका घरपरिवार, व्यवसाय, कार्यालय सबैको प्रतिनिधित्व हुने गरी गर्नुपर्छ। घर परिवार सर्भेक्षणको निम्ति सामाजिक समावेशिता समेतलाई ध्यानमा राखेर छनौट गर्नुपर्दछ भने व्यवसायको हकमा पनि लघु, साना, मझौला तथा ठूला सबै तहका र कृषि, उद्योग, व्यापार आदि सबै क्षेत्रको प्रतिनिधित्वमा ध्यान दिनुपर्छ।

२. ***गणना (Census) :*** यदि प्रकोपको असरको क्षेत्र सानो छ र थोरै समय र स्रोत साधनबाट सम्पन्न हुने भएमा गणना विधि उपयुक्त हुन्छ, जस्तो पहिरो, चट्याङ, आगलागी आदिले गरेको भौतिक, सामाजिक तथा आर्थिक नोक्सानी।

**ङ. थप सूचना सङ्कलनको विधि निर्धारणः** विपद्को असर आँकलनको लागि सर्भेक्षणबाट प्राप्त सूचनाका अतिरिक्त अन्य सूचनाहरूको पनि आवश्यकता हुन्छ। यस्तो सूचना सङ्कलनको निम्ति स्थलगत अवलोकन, व्यक्तिगत अन्तर्वार्ता र समूहगत छलफलका विधिहरू अपनाउन सकिन्छ। यसको निम्ति स्थलगत सर्भेक्षण, महत्वपूर्ण सूचनादातासँगको

प्रत्यक्ष कुराकानी, सरोकारवालाहरू सँगको सामुहिक छलफल आदिको लागि रुजुसूची (checklist) तयार गरी प्रयोगमा ल्याउन सकिन्छ, जसले निम्न विषयमा थप सूचना प्रदान गर्दछ :

- **विपद्को मात्रा र समयावधिको लेखाजोखाः** यसमा विपद् प्रभावित क्षेत्रफल, असरको अवधि, असरको गहनता आदिको बारेमा सूचना सङ्कलन गरिन्छ र क्षति मूल्याङ्कन निम्ति आवश्यक तथ्य, प्रमाण र सूचना सङ्कलन गरिन्छ ।
- **विपद् जोखिममा रहेका नागरिक, सम्पत्ति र गतिविधिहरूः** विपद् प्रभावित क्षेत्रमा जोखिममा रहेका नागरिक, वर्ग, सार्वजनिक सम्पत्ति, वातावरणीय पक्ष, अमूर्त सम्पदा आदि पक्षसँग सम्बन्धित सूचना सङ्कलन गरिन्छ ।

**च. तथ्याङ्क तथा सूचना सङ्कलनः** तथ्याङ्क तथा सूचना सङ्कलनको लागि योजना तर्जुमा, सूचना सङ्कलन गर्ने जनशक्तिको पहिचान तथा तालिम र कार्य सम्पादनको लागि आवश्यक बन्दोबस्तीका सामग्रीहरूको तयारी गर्ने कार्य यस अन्तर्गत पर्दछ । यस चरणमा सूचना सङ्कलनको लागि निर्धारण गरिएको विधि, प्रश्नावली तथा रुजुसूचीको आधारमा सङ्कलन गरिएका सूचनाहरूलाई एकीकृत गर्ने कार्य समेत पर्दछ । यदि सूचना सङ्कलनको लागि सफ्टवेयर तयार गरी प्रयोगमा ल्याएको खण्डमा सूचना एकीकृत गर्ने कार्यको लागत न्यूनीकरण, गुणस्तरियतामा वृद्धि तथा समयको बचत हुन जान्छ ।

**छ. क्षति तथा नोक्सानीको एकीकृत विवरण तयारीः** विभिन्न स्रोतबाट उपलब्ध सूचना तथा तथ्याङ्कलाई मात्रात्मक र गुणात्मक दुवै समेटिएको मिश्रित प्रणाली अवलम्बन गरी प्रकोपबाट भएको क्षति तथा नोक्सानीको विवरण तयार गर्नु पर्दछ । यसरी एकीकृत गरिएको विवरण नै असर मूल्याङ्कन, आवश्यकता पहिचान र पुनर्लाभ योजना तर्जुमाको आधार हुने भएकाले यसको गुणस्तरतर्फ विशेष ध्यान दिनु जरूरी हुन्छ । क्षति तथा नोक्सानीको विवरण तयारीको लागि गाउँ/नगरपालिका स्तरमा गठन भएका विपद् व्यवस्थापन समिति वा अन्य त्यस्तै प्रकारका विशेष समितिहरूबाट यस्तो विवरणलाई चेक जाँच गरी अन्तिम रूप दिनु उपयुक्त हुन्छ ।

**ज. क्षति तथा नोक्सानीको मापनः** माथिका चरणहरूबाट आवश्यक सूचना प्राप्त गरिसकेपछि प्राप्त सूचनालाई क्षति तथा नोक्सानीको प्रकार र त्यसको क्षेत्रको आधारमा जम्मा नोक्सानीको आँकलन गर्नु पर्दछ । यसरी प्रत्यक्ष, अप्रत्यक्ष र अमूर्त नोक्सानीको समग्र विश्लेषणपश्चात् विपद्बाट परेको समग्र असरको मूल्याङ्कन गर्न सकिन्छ ।

| प्रत्यक्ष क्षति तथा नोक्सानीको क्षेत्र | क्षतिको एकाइ | क्षतिको परिमाण (क) | नोक्सानी प्रति एकाइ मूल्य रु. ( ख) | जम्मा आर्थिक नोक्सानी (क X ख) |
|---|---|---|---|---|
| **क. प्रत्यक्ष क्षति** | | | | |
| आवास | | | | |
| भवन तथा संरचना | | | | |
| उद्योग तथा प्लान्ट | | | | |
| मेसिन तथा उपकरण | | | | |
| जमिन (सार्वजनिक बाहेक) | | | | |
| फर्निचर | | | | |
| व्यापारिक वस्तुहरू | | | | |
| भण्डारण गरेका उत्पादन तथा कच्चा सामग्री | | | | |
| चल सम्पत्ति (नगद, गरगहना आदि) | | | | |

| | | | | |
|---|---|---|---|---|
| जिन्सी सामान | | | | |
| महत्वपूर्ण कागजात | | | | |
| खाद्यान्न | | | | |
| पशुधन | | | | |
| बालीनाली | | | | |
| सार्वजनिक निर्माण | | | | |
| सवारी साधन | | | | |
| धार्मिक तथा पर्यटकीय संरचनाहरू | | | | |
| स्थानीय हाटबजार | | | | |
| सार्वजनिक भवनहरू | | | | |
| **जम्मा प्रत्यक्ष क्षति (क)** | | | | |
| **ख. अप्रत्यक्ष नोक्सानी** | | | | |
| औषधि उपचार खर्च | | | | |
| अस्थायी बसोबास व्यवस्था | | | | |
| अस्थायी प्रबन्ध तथा सञ्चालन खर्च | | | | |
| भग्नावशेष हटाउने/सफा गर्ने | | | | |
| अन्य ..... | | | | |
| **जम्मा अप्रत्यक्ष नोक्सानी (ख)** | | | | |
| **जम्मा क्षति तथा नोक्सानी (क+ख)** | | | | |

तथ्याङ्कको उपलब्धताको अवस्था हेरी विपद् सिर्जित क्षति तथा नोक्सानीको मूल्याङ्कनको आवश्यकता कुन हदसम्म विस्तृत र वास्तविक चाहिने हो सो विषयलाई मध्यनजगर गर्दै सोको मूल्याङ्कन निम्न तीन प्रकारले गर्न सकिन्छ:

- **औसत विधि:** पहिलेको त्यस्तै विपद्को घटनाको पूर्ववत् तथ्याङ्कको आधारमा अनुमान गर्ने
- **संश्लेशणात्मक विधि:** प्राविधिक मूल्याङ्कनमा आधारित अनुमान गर्ने
- **तथ्याङ्क सर्भेक्षण विधि:** विपद् पश्चात् गरिएको सर्भेक्षणमा आधारित वास्तविक क्षति आँकलन गर्ने ।

## चरण ४: विपद्को असर मूल्याङ्कन

विपद्बाट भएको प्रत्यक्ष भौतिक क्षति तथा अप्रत्यक्ष नोक्सानीले जनजिविकामा वा सेवामा असर गरेको हुन्छ । जसको फलस्वरूप समग्रतामा स्थानीय आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रमा तथा नागरिकको जनजीवनमा असर परेको हुन्छ । प्रश्नावलीबाट प्राप्त सूचनाको आधारमा त्यसको गुणात्मक तथा परिमाणात्मक असरको मूल्याङ्कन तथा विश्लेषण गर्नु पर्दछ । विपद् पश्चात् ती असरका क्षेत्रमा परेको असरलाई तल दिइएको वर्गीकरणको आधारमा मूल्याङ्कन गर्न सकिन्छ । प्रश्नावलीको आधारमा प्राप्त हुन सक्ने जानकारीलाई तलको तालिकामा दिइएको छ ।

| असरको क्षेत्र | असरको विवरण | प्राप्त तथ्याङ्क सूचनाको आधारमा विपद्बाट भएको असरको मूल्याङ्कन* |
|---|---|---|
| **क. मानवीय क्षति** | मृत्यु वा बेपत्ता | |
| | घाइते वा अपाङ्ग | |
| | बिरामी | |
| **ख. अप्रत्यक्ष नोक्सानी** | | |
| ख.१ घरपरिवार तथा जीविकोपार्जन | रोजगारी गुमेको | |
| | पारिवारिक आयमा ह्रास आएको | |

| असरको क्षेत्र | असरको विवरण | प्राप्त तथ्याङ्क सूचनाको आधारमा विपद्बाट भएको असरको मूल्याङ्कन* |
|---|---|---|
| | साँवा ब्याज भुक्तानीमा असर | |
| | मूल्य वृद्धि | |
| | कृषि तथा पशुजन्य उत्पादनमा आउनसक्ने ह्रास | |
| | खानेपानी तथा सरसफाइ सुविधा | |
| | स्वास्थ्य सुविधा | |
| | शिक्षा सेवा | |
| | सँस्कृति तथा सम्पदामा पहुँच | |
| | विद्युत् सेवा | |
| | यातायात तथा ढुवानी | |
| | फोहरमैला व्यवस्थापन | |
| | कृषि तथा पशु प्रसार सेवा | |
| | सिंचाई | |
| | लैङ्गिक तथा जातीय हिंसा | |
| | मानसिक स्वास्थ्य समस्या | |
| ख.२ आर्थिक क्षेत्र (व्यावसायिक प्रतिष्ठान) | वस्तु वा सेवाको उत्पादनमा फरक | |
| | वस्तु वा सेवाको आपूर्तिमा फरक | |
| | वस्तु वा सेवाको कारोबार वा बिक्रीमा फरक | |
| | व्यावसायिक आयमा फरक | |
| | उत्पादन लागतमा फरक | |
| | श्रमिक आपूर्तिमा फरक | |
| | वित्तीय व्यवस्थापन क्षमता | |
| | वस्तु आपूर्ति मूल्य | |
| | वित्तीय व्यवस्थापन क्षमता | |
| | पुनर्निमाण | |
| | सञ्चालन लागत | |
| | साँवा ब्याज भुक्तानीमा असर | |
| ख.३ सामाजिक क्षेत्र | पठन-पाठनमा समयावधि सम्बन्धी असर | |
| | विद्यार्थीको उपस्थितिमा फरक | |
| | पुनः सञ्चालनको आवश्यकता (भवन, डेक्स, फर्निचर) | |
| | खानेपानी सरसफाई | |
| | वैकल्पिक शिक्षा | |
| | शिक्षक तथा विद्यार्थीमा परेको असर | |
| | स्वास्थ्य सेवा अवधि सम्बन्धी असर | |
| | स्वास्थ्य सेवाग्राहीको संख्यामा फरक | |
| | मुख्य स्वास्थ्य समस्याहरू | |
| | थप मानव संशाधन तथा सामग्रीको आवश्यकता | |
| | कर्मचारीमा परेको असर | |
| ख.४ सार्वजनिक सेवा तथा पूर्वाधार | निर्माणाधिन संरचनामा प्रभाव | |
| | प्रशासनिक सेवा प्रवाह | |
| | राजस्व सङ्कलन | |
| | लैङ्गिक समता तथा सामाजिक सद्भावमा परेको असर | |

| असरको क्षेत्र | असरको विवरण | प्राप्त तथ्याङ्क सूचनाको आधारमा विपद्बाट भएको असरको मूल्याङ्कन* |
|---|---|---|
| **ग. अमूर्त सम्पत्तिको नोक्सानी** | | |
| ग.१ व्यावसायिक प्रतिष्ठान | इजाजतपत्र | |
| | ख्याति | |
| ग.२ सार्वजनिक सेवा तथा पूर्वाधार | महत्वपूर्ण कागजात | |
| | मानवीय कला तथा सीप | |
| | सामाजिक तथा धार्मिक रीतिरिवाज | |
| | साँस्कृतिक तथा प्राकृतिक सम्पदा | |
| ग.३ वन तथा वातावरण | स्थानीय वन संरक्षणमा असर | |
| | भू तथा जलाधार संरक्षणमा असर | |
| | स्थानीय पार्क र जीवजन्तुमा असर | |
| | वातावरणीय गुणस्तर | |

* *असरको मूल्याङ्कनको इकाई प्राप्त सूचना अनुसार वास्तविक सङ्ख्या वा परिमाण, प्रतिशत, तुलनात्मक शब्दावली आदिको प्रयोगबाट सङ्केत गर्न सकिन्छ । अमूर्त नोक्सानीको मूल्याङ्कन गर्नु परेमा नोक्सान भएको वस्तुको प्रतिस्थापन समय वा मूल्यलाई आधार मानेर गर्न सकिन्छ । यस भागमा उपलब्ध सूचनाको आधारमा मात्रात्मक तथा गुणात्मक रूपमा विश्लेषण गर्नु पर्दछ ।*

## चरण ५: विपद् पश्चात्को आवश्यकता पहिचान

विपद्को कारण भएको क्षति वा नोक्सानी र त्यसबाट पर्न गएको आर्थिक, सामाजिक, वातावरणीय वा साँस्कृतिक असरको मूल्याङ्कनका आधारमा विपद् विपद् पश्चात्को आवश्यकता पहिचान गर्न सकिन्छ । विपद् पश्चातको आवश्यकतालाई सामान्यतया दुई चरणमा हेर्न सकिन्छ। पहिलो चरणमा खोज, उद्धार, राहत र उपचार तथा दोस्रो चरणमा पुनर्लाभ तथा पुनर्निर्माण। यी दुवै चरणका लागि मुख्यत: देहाय अनुसारका सूचना तथा तथ्याङ्क आवश्यक पर्दछ :

### (क) तत्कालिक खोज, उद्धार, राहत र उपचार व्यवस्था

विपद्को सूचना पाउनासाथ नागरिकको जीउधनको सुरक्षाको लागि तत्कालै खोज तथा उद्धारको कार्य गर्नु पर्दछ। स्थानीय तहमा गरिने खोज तथा उद्धार कार्य गर्न सक्ने क्षमता त्यसको पूर्व तयारीको अवस्थामा भर पर्दछ। त्यसैले स्थानीय तहले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा तयार गरी आउनसक्ने विपद्को जोखिम न्यूनीकरण गर्न स्थानीय समुदाय तथा सरकारको उत्थानशील क्षमतामा विकास गर्न आवश्यक देखिन्छ। त्यसैगरी, विपद्बाट नागरिकहरूको जीवन सुरक्षित राख्न खानेबस्ने व्यवस्थाका लागि राहतका साथै घाइतेहरूको तत्काल उपचारको व्यवस्था गर्नु पर्दछ। यस कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुन्छ। विपद्को मात्रा तथा यसको असर अनुसार तत्काल राहतको आवश्यकता पहिचान गर्नु पर्दछ। यद्यपी, यो कार्य विपद् पश्चात्को पुनर्निर्माण तथा पुनर्लाभ योजनाको भन्दा पनि पूर्व तयारी तथा प्रतिकार्य योजनाको कार्य क्षेत्रभित्र पर्दछ। तर, राहत तथा उपचारको आवश्यकता मौजुदा आर्थिक स्रोत तथा क्षमताले नभ्याउने भएमा शीघ्र पुनर्लाभको क्षेत्रभित्र समावेश गरी पुनर्निर्माण तथा पुनर्लाभ योजनामा समावेश गर्न सकिन्छ । तत्कालै राहत तथा उपचार व्यवस्थाका लागि स्थानीय सरकारहरूले निम्न स्रोतहरूबाट आर्थिक तथा वस्तुगत सहायता जुटाउन सक्दछन् :

- विपद् व्यवस्थापन कोषको मौज्दात रकम
- निजी क्षेत्र तथा मानवीय सहायता समूह वा संस्था परिचालन
- सरकारी अनुदान तथा राहत प्राप्ती ।

### ख) पुनर्निर्माण तथा पुनर्लाभ आवश्यकता

विपद्को कारणले भएको प्रत्यक्ष भौतिक क्षति तथा नोक्सानीको सूचना सङ्कलन तथा सोको मूल्याङ्कन र त्यसवाट परेको सामाजिक तथा आर्थिक प्रभावको आँकलन गरिसकेपछि पुनर्निर्माण तथा पुनर्लाभको आवश्यकता पहिचान गर्नु पर्दछ ।

**पुनर्लाभः** विपद्ले समुदायमा पारेको सामाजिक तथा आर्थिक प्रभावहरूलाई न्यूनीकरण गर्दै जनजीविकालाई पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक कार्यहरूको पहिचान तथा सोका लागि लाग्ने खर्चको अनुमान यस अन्तर्गत पर्दछ । पुनर्लाभ योजनाले समाजका पिछडिएका वर्ग तथा समुदाय र बढी जोखिममा रहेका समूह ———(महिला, बालबालिका, वृद्धवृद्धा, शारीरिक रुपमा अशक्त आदि) को आर्थिक तथा सामाजिक पुनर्स्थापनामा विशेष ध्यान दिनु पर्दछ । विपद् पश्चात्को पुनर्लाभको लागि गर्नुपर्ने कार्यहरूको पहिचान आवश्यकतानुसार निम्न मुख्य क्षेत्रमा विभाजन गरी गर्न सकिन्छ :

- सामाजिक सेवाको सञ्चालन व्यवस्था (यातायात, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन आदि)
- सामाजिक विकास कार्यक्रम (पोषण, सामाजिक सुरक्षा, लैङ्गिक तथा सामाजिक समावेशीकरण, कोही पछाडि नपरुन् भन्ने अवधारणाको कार्यान्वयन, मनोसामाजिक परामर्श, पुर्नस्थापना केन्द्र आदि)
- व्यावसायीक क्रियाकलापहरूको पुर्नस्थापना
- कृषि तथा पशुपालन क्षेत्रको पुर्नस्थापना
- आय तथा रोजगारी अभिवृद्धि
- वातावरण संरक्षण
- शासकीय प्रबन्ध ।

**पुनर्निर्माणः** विपद्वाट भएका निजी तथा सार्वजनिक संरचनाहरूको पुनर्निर्माणको आवश्यकता पहिचान तथा सो को लागि लाग्ने लागत अनुमान गर्नु पर्दछ । यस्तो पुनर्निर्माण पहिलेकै जस्तो बनाउने नभई परिवर्तित आवश्यकतालाई पुरा गर्ने तथा पहिलेको भन्दा अझ राम्रो र अझ बलियो बनाउने अवधारणालाई अनुसरण गर्नु पर्दछ । पुनर्निर्माणको आवश्यकता पहिचानका लागि सम्बन्धित योग्य प्राविधिकहरूबाट स्थलगत रूपमा सर्भेक्षण गरी आवश्यकताको आँकलन गर्नु पर्दछ । विपद्को प्रकृति अनुसार पुनर्निर्माणका क्षेत्रहरू निम्न अनुसार हुन सक्दछन् :

- व्यक्तिगत आवास
- व्यापारिक, सरकारी, तथा सार्वजनिक भवन
- धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदा
- सिंचाइ व्यवस्था
- सडक यातायात तथा पुलहरू
- उद्योग तथा औद्योगिक संरचना
- विद्युत् उत्पादन तथा वितरण
- खानेपानी प्रणाली
- सञ्चार प्रणाली
- सवारी साधन, यन्त्र एवम् उपकरण

विपद्ले जनजीविकाका क्षेत्रहरूमा पार्न सक्ने असरको आधारमा शीघ्र पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्लाभका सम्भावित आवश्यकताहरू भिन्न हुन सक्दछन् । पुनर्लाभको लागि तत्कालै गर्नुपर्ने आवश्यकता भएकालाई शीघ्र पुनर्लाभ र बढी लागत तथा समय लाग्ने आवश्यकताहरूको लागि पुनर्निर्माण तथा पुनर्लाभ कार्यको रूपमा पहिचान गर्नु पर्दछ । शीघ्र पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्लाभका सम्भावित क्षेत्रहरु यस प्रकार हुन सक्दछन् :

| क्षेत्रहरू | शीघ्र पुनर्लाभका क्षेत्र | पुनर्निर्माण तथा पुनर्लाभका क्षेत्र |
|---|---|---|
| मानवीय क्षति | – औषधि आपूर्ति तथा उपचार<br>– खाद्य आपूर्ति | – जीवन तथा उपचार बीमाको व्यवस्था |
| भौतिक क्षति (व्यक्तिगत सम्पत्ति) | – अस्थायी वासस्थान<br>– घरायसी सामान तथा लत्ता कपडा | – सुरक्षित आवास<br>– जमिनको संरक्षण<br>– सम्पत्तिको सुरक्षा (बीमा) |
| भौतिक क्षति (सार्वजनिक सम्पत्ति) | – सार्वजनिक सेवा (सरकारी सेवा, स्वास्थ्य, शिक्षा आदि) तत्काल सञ्चालन | – व्यवस्थित पुर्नवास योजना<br>– सार्वजनिक संरचनाहरूको पहिलेको भन्दा राम्रो पुनर्निर्माण |
| लक्षित वर्ग (महिला, बालबालिका, रोजगारी गुमाएका तथा न्यून आय वर्ग आदि) | – लक्षित वर्गलाई तत्कालिन आर्थिक तथा सामाजिक सुरक्षा | – लक्षित वर्ग विकास विशेष कार्यक्रम<br>– कोही पछाडि नछुटुन् अवधारणा |
| सामाजिक असर | – अस्थायी शैक्षिक क्रियाकलाप सञ्चालन<br>– आधारभूत स्वास्थ्य सेवाको स्थापना<br>– तत्कालिन खानेपानी तथा सरसफाइ व्यवस्था<br>– सुरक्षा व्यवस्था<br>– मनोसामाजिक परामर्श | – सबैलाई सुधारिएको शैक्षिक कार्यक्रम<br>– सुधारिएको स्वास्थ्य सेवा<br>– खानेपानी तथा सरसफाइ<br>– रीतिरिवाजको निरन्तरता<br>– सामाजिक सद्भाव |
| आर्थिक असर | – शीघ्र व्यवसाय सञ्चालनको लागि आर्थिक सहयोग तथा ऋण<br>– कर तथा शुल्कमा राहत<br>– ब्याजमा राहत<br>– कृषि तथा पशु उत्पादनका लागि बीउ पुँजी | – आय तथा रोजगारी वृद्धि<br>– व्यापार, व्यवसाय पुनर्स्थापना<br>– उत्पादन तथा कारोबारको सुरक्षा (बीमा) |
| वातावरणीय असर | – वन तथा जलाधारको संरक्षण<br>– सामान्य तथा हानिकारक फोहरमैला व्यवस्थापन | – दिगो वातावरण संरक्षण योजना<br>– फोहरमैलाको दिगो व्यवस्थापन |

## चरण ६: विपद् पश्चात्‌को पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा

प्रकोप पश्चात्‌को पुनर्निर्माण तथा पुनर्लाभको आवश्यकता पहिचान गरिसकेपछि सोको परिपूर्तिमा गरिने कार्यहरू योजनाबद्ध रूपमा सम्पादन गर्नका लागि पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा गर्नु पर्दछ । यस्तो योजना तर्जुमा गर्दा सम्बद्ध सबै सरोकारवाला पक्षहरूको सहभागितामा सहभागितात्मक योजना तर्जुमा विधि अवलम्बन गर्नु पर्दछ । सामान्यतया यस्तो पुनर्निर्माण तथा पुनर्लाभ योजनाको कार्यान्वयन अवधि अवस्था हेरेर १ देखि ५ वर्षसम्म हुन सक्दछ । यस्तो योजनालाई स्थानीय तहको वार्षिक योजनामा समाहित हुने गरी तर्जुमा गर्नु पर्दछ ।

व्यवहारत: विपद् व्यवस्थापनका चार चरणहरू हुन्छन्: रोकथाम, तयारी, प्रतिकार्य र पुनर्निर्माण तथा पुनर्लाभ । खासगरी विपद् पूर्वका चरण स्वरुप रोकथामको योजनाले विपद् जोखिमको न्यूनीकरण गर्न सक्छ भने तयारीको योजनाले आइ पर्नसक्ने विपद्को सामना गर्नका लागि सम्बन्धित निकाय तथा समुदायहरूलाई सबल बनाउने उद्देश्य राख्छ। त्यसैगरी, विपद् प्रतिकार्य योजनाले विपद्सँग तत्कालै जुध्ने र आवश्यक उद्धार तथा राहतको व्यवस्था गर्न मद्दत गर्छ। पुनर्निर्माण तथा पुनर्लाभ योजना तुलनात्मक रूपमा लामो समयसम्म चल्ने प्रकृतिको भएकाले यसले विपद्बाट प्रभावित समुदायको जीविकोपार्जन, स्वास्थ्य, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय प्रणाली र क्रियाकलापहरूलाई पुनर्स्थापना वा सुधार गरी फेरि नियमित प्रक्रियामा फर्काउने उद्देश्य बोकेको हुन्छ। जुन विपद् व्यवस्थापनको महत्वपूर्ण चरण हो ।

**सफल पुनर्लाभ योजनाका ६ विशेषताहरू**

- समुदायका सन्दर्भमा जानकार
- सामुदायिक जटिलताको पहिचान
- समुदायमुखी विधिको प्रयोग
- समुदाय र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय
- समुदाय र सरोकारवाला निकायबीच प्रभावकारी सञ्चार
- सामुदायिक क्षमताको कदर र सो बमोजिम योजना निर्माण

**(क) पुनर्निर्माण तथा पुनर्लाभ योजनाको उद्देश्य निर्धारण:** विपद्बाट भएको वा हुनसक्ने नोक्सानीको असरबाट मुक्त गरी समुदायको पुनर्लाभका निम्ति सञ्चालन गरिने कार्यक्रमहरूका खास उद्देश्यबारे स्थानीय तह स्पष्ट हुनुपर्छ, जसले पुनर्लाभ योजना कति विस्तृत र दीर्घकालीन हुने हो भन्ने निर्धारण गर्छ (उदाहरणको लागि, पुनर्लाभ कार्यक्रम लक्ष्यित (targetted) हो वा समग्र (holistic) भन्ने जस्ता विषयहरू) । तसर्थ स्थानीय तहको पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा गर्दा सर्वप्रथम योजना कुन उद्देश्यका लागि तर्जुमा गरिदैछ भन्ने कुरामा सरोकारवालाबीच पर्याप्त छलफल र बहश गरी यसको यद्देश्यका बारेमा स्पष्ट हुन जरुरी हुन्छ।

**(ख) समुदायको क्षमता तथा सहयोगको आवश्यकता पहिचान:** स्थानीय तहको पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा गर्नुअघि सर्वप्रथम पुनर्निर्माण तथा पुनर्लाभका लागि गर्नुपर्ने कार्य सम्पादन गर्न समुदायको आर्थिक तथा प्राविधिक क्षमताको आँकलन गर्नु पर्दछ। समुदायका सदस्यहरू आफैंले गर्नसक्ने कार्यहरू समुदायलाई नै जिम्मा दिई बाँकी आवश्यकताहरू पुरा गर्नुपर्ने सहयोगका क्षेत्रहरूको पहिचान गरी त्यस्ता कृयाकलापहरुलाई पुनर्निर्माण तथा पुनर्लाभ योजनामा समावेश गर्नु उपयुक्त हुन्छ।

**(ग) पुनर्निर्माण तथा पुनर्लाभको योजना तर्जुमा:** समुदायको क्षमताभन्दा बाहिरका पुनर्निर्माण तथा पुनर्लाभका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालनमा सहयोग गर्नका लागि पुनर्निर्माण तथा पुनर्लाभको योजना तर्जुमा गर्नु पर्दछ। सामाजिक तथा आर्थिक पुनर्लाभको लागि तत्कालै सम्पादन गर्नुपर्ने कार्यहरू शीघ्र पुनर्लाभ योजना पहिलो वर्षभित्र वा बाँकी कार्य सम्पादनको प्राथमिकताका आधारमा क्रमश: सञ्चालन गर्दै जाने गरी तर्जुमा गर्नु पर्दछ। यस्तो योजना तर्जुमा गर्दा स्थानीय सरकारसँग सम्वद्ध सबै सरकारी निकाय तथा सरोकारवाला पक्षहरूको सहभागितामा तर्जुमा गर्नु पर्दछ। योजना तर्जुमा गर्दा प्रयोग गर्न सकिने कृयाकलापगत विबरण सम्बन्धी खाका तल दिइएको छ :

| क.सं. | कार्यक्रम | एकाई | संख्या | लाभान्वित जनसंख्या | अनुमानित बजेट | बजेटको वार्षिक विभाजन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**(घ) पूर्व तयारी तथा कार्यगत पुनर्संरचना योजना तर्जुमा वा पुनरावलोकन:** योजना तर्जुमाको क्रममा विपद्बाट भएको नोक्सानी तथा क्षतिको पुनर्निर्माण तथा पुनर्लाभका योजना तर्जुमाका साथै भविष्यमा आउनसक्ने यस्तै प्रकृतिको वा अन्य प्रकृतिको विपद्को पूर्व तयारी तथा कार्यगत पुनर्संरचना योजना तर्जुमा गर्नु पर्दछ । यसले भविष्यमा यस्तै प्रकृतिको विपद् आएमा सोको असर न्यूनीकरण गर्ने क्षमतामा वृद्धि हुनेछ । यदि स्थानीय तहले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिसकेको भए त्यसको प्रभावकारिताको विश्लेषण गरी आवश्यक देखिएमा त्यसको पुनरावलोकन समेत गर्नु पर्दछ । विपद्को प्रकृति अनुसार पूर्वतयारी तथा कार्यगत पुनर्संरचनाका क्षेत्रहरू निम्न हुन सक्दछन् :

| सम्भावित विपद्हरू | हानि नोक्सानीको क्षेत्र | पूर्वतयारी तथा कार्यगत पुनर्संरचनाका क्षेत्र |
|---|---|---|
| बाढी | – मानवीय<br>– व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति<br>– उत्पादन<br>– वातावरणीय प्रभाव<br>– यातायात अवरोध | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन आश्रयस्थल<br>– खाद्य सुरक्षा<br>– शिविर व्यवस्थापन<br>– व्यवस्थित बसोबास तथा तटबन्ध<br>– बन्दोबस्तीका सामान<br>– आपत्कालीन सञ्चार |
| पहिरो | – मानवीय<br>– व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति<br>– उत्पादन<br>– वातावरणीय प्रभाव<br>– यातायात अवरोध | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन आश्रयस्थल<br>– खाद्य सुरक्षा<br>– शिविर व्यवस्थापन<br>– सुरक्षित बसोबास<br>– बन्दोबस्तीका सामान<br>– आपत्कालीन सञ्चार |
| भूकम्प | – मानवीय<br>– व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति<br>– वातावरणीय प्रभाव | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन आश्रयस्थल<br>– खाद्य सुरक्षा<br>– शिविर व्यवस्थापन<br>– बन्दोबस्तीका सामान<br>– आपत्कालीन सञ्चार |
| आगलागी | – मानवीय<br>– व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति<br>– वातावरणीय प्रभाव | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन आश्रयस्थल<br>– खाद्य सुरक्षा<br>– शिविर व्यवस्थापन<br>– बन्दोबस्तीका सामान तथा वारूणयन्त्र<br>– आपत्कालीन सञ्चार |
| सुख्खा/खडेरी | – उत्पादन | – खाद्य सुरक्षा |
| हावा हुरी | – मानवीय<br>– व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति<br>– उत्पादन | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन आश्रयस्थल<br>– बन्दोबस्तीका सामान |

| सम्भावित विपद्हरू | हानि नोक्सानीको क्षेत्र | पूर्वतयारी तथा कार्यगत पुनर्संरचनाका क्षेत्र |
|---|---|---|
| | | – आपत्कालीन सञ्चार |
| असिना | – उत्पादन | – खाद्य सुरक्षा |
| चट्याङ | – मानवीय | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन सञ्चार<br>– भवनहरूमा चट्यानबाट सुरक्षा |
| जनावर आतंक | – मानवीय<br>– उत्पादन | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन सञ्चार<br>– सुरक्षा व्यवस्था |
| शीतलहर | – मानवीय<br>– उत्पादन | – व्यक्तिगत स्वास्थ्य तथा स्वास्थ्य सुरक्षा<br>– औषधि उपचारको व्यवस्था<br>– बन्दोबस्तीका सामान |
| सर्पदंश | – मानवीय | – औषधि उपचारको व्यवस्था<br>– आपत्कालीन सञ्चार |
| महामारी रोग | – मानवीय<br>– उत्पादन | – व्यक्तिगत स्वास्थ्य तथा स्वास्थ्य सुरक्षा<br>– खानेपानी तथा फोहरमैला व्यवस्थापन<br>– औषधि उपचारको व्यवस्था<br>– खाद्य सुरक्षा<br>– शिविर व्यवस्थापन<br>– आपत्कालीन सञ्चार |

**(ङ) लगानी हुनसक्ने स्रोतको आँकलन:** विपद् पश्चातको पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा गर्दा तय गरिएका कृयाकलाप र पूर्व तयारी तथा कार्यगत पुनर्संरचना योजनाको कार्यान्वयनका लागि सरकारी निकायहरू तथा अन्य सरोकारवाला पक्षहरूबाट हुन सक्ने लगानीका स्रोतहरूको पनि आँकलन गर्नु पर्दछ। योजना कार्यान्वयनका लागि आवश्यक रकम अपुग हुन सक्ने देखिएमा सोको परिपूर्तिका संभावित स्रोत तथा सोका लागि गर्नुपर्ने कार्यहरूको पहिचान पनि यसै चरणमा गर्नु पर्दछ।

| क्र.सं. | कार्यक्रम | जम्मा अनुमानित आवश्यक स्रोत (रु) | लगानीको सोत (रु.) | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय सरकार | संघ/प्रदेश सरकार | अन्य संघ संस्था ....... |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) कार्यान्वयन तथा अनुगमन कार्ययोजना तर्जुमा:** स्थानीय तहको पुनर्निर्माण तथा पुनर्लाभ योजनामा पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि गर्ने स्पष्ट संस्थागत जिम्मेवारी निर्धारण गर्नु पर्दछ। यस्तो जिम्मेवारी गर्दा अनुगमन तथा मूल्यांकन गरिने क्रियाकलापहरूको पहिचान तथा समयावधि निर्धारण गर्नु पर्दछ । समयावधिको निर्धारण विपद् तथा त्यसले पारेको प्रभावको आधारमा १ वर्षदेखि ५ वर्ष सम्मको हुन सक्दछ। यसरी तयार गरिने कार्ययोजना पुनर्निर्माण तथा पुनर्लाभ योजनाकै एउटा भाग हुनेछ। कार्ययोजनाको ढाँचा तल दिइएको छ :

| क्र.सं. | कार्यक्रम | एकाई | संख्या | जिम्मेवार निकाय | सहयोगी | समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## चरण ७: पुनर्निर्माण तथा पुनर्लाभ योजनाको स्वीकृति

स्थानीय तहको पुनर्निर्माण तथा पुनर्लाभ योजना तर्जुमा कार्यको समग्र नेतृत्व सामान्यतया स्थानीय विपद् व्यबस्थापन समितिले गर्न उपयुक्त हुन्छ। यस्तो समिति गठन नभएको अवस्थामा कार्यपालिकाले आवश्यक निर्णय गर्ने वा स्थानीय तहमा यस सम्बन्धमा छुट्टै व्यवस्था भएको अवस्थामा सोही बमोजिम गर्न सकिनेछ। जुनसुकै अवस्थामा पनि सामाजिक तथा आर्थिक पुनर्लाभ योजना तर्जुमा कार्यदल गठन गर्न उपयुक्त र आवश्यक देखिन्छ । यस्तो कार्यदल अन्तरगत विभिन्न कार्य समूहहरू गठन गरी त्यस्ता कार्यसमूहहरुको सहयोगमा कार्यदलले योजनाको मस्यौदा तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिमा छलफल तथा आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृतिको लागि कार्यपालिका समक्ष सिफारिश गर्नु पर्दछ। स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिश भई आएको योजनालाई गाउँ/नगर कार्यपालिकाले स्वीकृत गरी सम्बन्धित निकायहरूलाई कार्यान्वयन गर्न लेखी पठाउनु पर्दछ।

विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजनाले गाउँ/नगरपालिकाले गर्ने भनी तय गरेका कार्यक्रम तथा क्रियाकलापहरूलाई कार्यान्वयन गर्न बजेटको व्यवस्था गर्नु पर्दछ। त्यसका लागि चालु वर्षको स्वीकृत बजेटबाट गर्न सकिने कार्य सोही वर्ष गरी बाँकी कार्य त्यसपछिका वार्षिक बजेट तथा कार्यक्रममा क्रमश: समावेश गरी कार्यान्वयनमा लैजानु पर्दछ।

विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजनालाई स्थानीय तहको आवधिक योजनाकै भागको रूपमा लिनु पर्दछ। गाउँ/नगरपालिकाले आवधिक योजना तर्जुमा नगरेको अवस्थामा आवधिक योजना तर्जुमाको क्रममा सामाजिक तथा आर्थिक पुनर्लाभ योजनालाई अद्यावधिक गरी आवधिक योजनामा समावेश गर्नु पर्दछ।

# भाग ३:
# विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजना कार्यान्वयन

गाउँ/नगर कार्यपालिकाले स्वीकृत गरेको विपद् पश्चात्को सामाजिक तथा आर्थिक पुनर्लाभ योजनाको कार्यान्वय गर्ने जिम्मेवारी स्थानीय तहसँग सम्बन्धित निकायहरूको हुनेछ । जस अन्तर्गत मुख्यतः सङ्घीय सरकार अन्तर्गतका निकायहरू, प्रदेश सरकार अन्तर्गतका निकायहरू, गाउँ/नगरपालिका, स्थानीय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरूको सहयोगमा सञ्चालित परियोजनाहरू, निजी क्षेत्र, सामुदायिक सङ्घ-संस्थाहरू हुन सक्दछन् ।

सामाजिक तथा आर्थिक पुनर्लाभ योजना अनुसार विभिन्न निकायहरूलाई दिइएको जिम्मेवारी अनुसार आ–आफ्नो योजनामा समावेश गरी कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित निकायहरूको हुनेछ । स्थानीय विपद् व्यवस्थापन समितिले यस्ता कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमन तथा मूल्याङ्कनको लागि स्थानीय विपद् व्यवस्थापन समितिले चौमासिक रूपमा समीक्षा बैठकहरू राखी कार्ययोजनाको प्रगति समीक्षा तथा पुनरावलोकन गर्नु पर्दछ ।

गाउँ/नगरपालिकाको जिम्मेवारीभित्र रहेका कार्यक्रम तथा क्रियाकलापहरू सम्पादन गर्नका लागि स्रोतको व्यवस्थापन गरी समयमा सम्पादन गर्ने दायित्व सम्बन्धित गाउँ/नगरपालिकाको हुनेछ । गाउँ/नगरपालिकाले आफ्नो जिम्मेवारीभित्रका कार्य सम्पादनको लागि आवश्यक स्रोत निम्न अनुसार जुटाउन सक्दछ ।

| **कार्यहरू** | **बजेट व्यवस्था** |
|---|---|
| शीघ्र पुनर्लाभका योजना तथा कार्यहरू | – विपद् व्यवस्थापन कोषको मौज्दात<br>– सङ्घ तथा प्रदेश सरकारको अनुदान<br>– चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम |
| पुनर्निर्माण तथा पुनर्लाभ योजना | – स्थानीय तहको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम<br>– त्यसपछिका वार्षिक बजेट तथा कार्यक्रम |

गाउँ/नगरपालिकाले आफ्नो जिम्मेवारीका पुनर्निर्माण तथा पुनर्लाभ योजना अन्तर्गत्का कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम मध्यकालीन खर्च संरचनामा समावेश गरी त्यसपछिका वार्षिक बजेट तथा कार्यक्रममा क्रमशः प्राथमिकताको आधारमा समावेश गरी कार्यान्वयन गर्दै जानु पर्दछ । यस्ता कार्यक्रमको अनुमगन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था छुट्टै नगरी गाउँ/नगरपालिकाको विकास योजना तथा कार्यक्रमका लागि गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नियमित व्यवस्था अनुसार नै गर्न उपयुक्त हुन्छ ।

# भाग ४:

# कोभिड-१९ विश्वव्यापी महामारीजन्य असरको सामाजिक तथा आर्थिक पुनर्लाभ योजना

कोभिड-१९ को महामारीका कारण समाज र अर्थतन्त्रका कुन-कुन उपक्षेत्रहरूमा असर परेको छ, त्यसको पहिचान गर्नु अति महत्वपूर्ण हुन्छ। कोभिड-१९ को कारणले भएको क्षति तथा नोक्सानी र प्रभावका क्षेत्रहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ:

- प्रत्यक्ष क्षति तथा नोक्सानी (Direct loss): कोभिड-१९ को कारण भएको मानवीय क्षति (जस्तै: मानिसको मृत्यु, बिरामी आदि)।
- अप्रत्यक्ष नोक्सानी (Indirect loss): : कोभिड-१९ को कारण र त्यसको निरोध वा प्रतिकार्य स्वरूप चालिएका कदमहरूको परिणाम स्वरूप आर्थिक तथा सामाजिक गतिविधिमा हुने नोक्सानी (जस्तै: आवागमनमा अवरोध, औषधि उपचार, शिक्षा तथा सामाजिक क्रियाकलापमा अवरोध, उत्पादन, बिक्री वितरणमा अवरोध, रोजगारी/आयमा ह्रास, वैकल्पिक उत्पादन वा सेवा व्यवस्थापनको लागि लाग्ने थप खर्च, मनोरन्जन र सांस्कृतिक परम्परामा अवरोध आदि)।

कोभिड-१९ को माहामारीले परेको समग्र असर मूल्याङ्कनको निम्ति विधि निर्धारण सहित सूचना सङ्कलनको जिम्मेवारी निर्धारण गर्नुपर्छ। जिम्मेवारीको साथै सो कामको समयावधि तथा बजेट समेतको अनुमान गरी नोक्सानीको सूचना सङ्कलनको कार्ययोजना तयार गर्नु पर्दछ। कार्ययोजनाको ढाँचा निम्न अनुसार हुन सक्दछ :

| सूचनाको प्रकार | सूचनाको स्रोत | सूचनाको प्रकार | सङ्कलन विधि | सङ्कलनको जिम्मेवारी | समयावधि | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|
| **(क) प्रत्यक्ष नोक्सानीको सूचना** | | | | | | |
| मानिसको मृत्यु | सम्बन्धित स्थानीय तह तथा स्वास्थ्य संस्था | द्वितीय स्रोत | दस्तावेज | | | |
| बिरामी | सम्बन्धित स्थानीय तह तथा स्वास्थ्य संस्था | द्वितीय स्रोत | दस्तावेज | | | |
| **(ख) अप्रत्यक्ष नोक्सानीको सूचना** | | | | | | |
| जीविकोपार्जनमा परेको असर | घरधुरी नमुना सर्भेक्षण | प्राथमिक | सर्भेक्षण तथा समूह छलफल | सर्भेक्षक | | |
| व्यवसायमा परेको असर | व्यवसायिक प्रतिष्ठानहरूको नमुना सर्भेक्षण | प्राथमिक | सर्भेक्षण तथा समूह छलफल | सर्भेक्षक | | |
| शिक्षा क्षेत्रमा परेको असर | विद्यालयहरूको नमुना सर्भेक्षण | प्राथमिक | सर्भेक्षण तथा समूह छलफल | सर्भेक्षक | | |
| स्वास्थ्य क्षेत्रमा परेको असर | स्वास्थ्य संस्थाहरूको नमुना सर्भेक्षण | प्राथमिक | सर्भेक्षण तथा | सर्भेक्षक | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समूह छलफल | | | |
| सार्वजनिक सेवा प्रवाहमा परेको असर | वडा कार्यालय तथा अन्य सरकारी निकायहरूको नमुना सर्भेक्षण | प्राथमिक | सर्भेक्षण तथा समूह छलफल | सर्भेक्षक | | |

**स्थलगत सर्भेक्षणः** कोभिड-१९ महामारीको प्रभाव क्षेत्र ठूलो भएकोले गणना विधि अपनाउन धेरै समय र स्रोत लाग्ने भएमा नमुना सर्भेक्षण विधि अपनाउनु पर्दछ । नमुना सर्भेक्षणको लागि गाउँ/नगरपालिकाका सम्पूर्ण क्षेत्र समेटिने गरी नमूना छनोट गर्नु पर्दछ । त्यसैगरी, व्यावसायिक प्रतिष्ठानको हकमा पनि सबै क्षेत्र र किसिमका व्यवसायहरू समेटिने गरी गाउँ/नगरपालिकामा रहेका ३ देखि ५ प्रतिशतसम्म व्यवसायलाई लिन सकिन्छ । विद्यालय तथा स्वास्थ्य संस्थाहरूको हकमा पनि सबै किसिमका विद्यालय तथा स्वास्थ्य संस्थाहरू समेटिने गरी नमुना छनौट गर्नु पर्दछ । सार्वजनिक सेवा प्रवाहको असर मूल्याङ्कनको लागि केही वडा कार्यालय तथा अन्य जनताको प्रत्यक्ष सम्पर्क हुने सरकारी कार्यालय छनोट गर्नु पर्दछ । सर्भेक्षणका लागि प्रयोगमा ल्याइने प्रश्नावली **अनुसूची** ४ मा दिइएको छ ।

**थप सूचना सङ्कलनको विधि निर्धारणः** विपद्को असर आँकलनको लागि सर्भेक्षणबाट प्राप्त सूचनाका अतिरिक्त स्थलगत अवलोकन, व्यक्तिगत अन्तर्वार्ता र समूहगत छलफलको विधिहरू अपनाउनु पर्दछ। यसबाट निम्न विषयमा थप सूचना सङ्कलन गर्नु पर्दछ :

- विपद्को मात्रा र समयावधिको लेखाजोखाः असरको अवधि, प्रभावको गहनता आदिको बारेमा सूचना सङ्कलन ।
- विपद् जोखिममा रहेका नागरिक र गतिविधिहरूः विपद् प्रभावित क्षेत्रमा जोखिममा रहेका नागरिक, सार्वजनिक सेवा, वातावरणीय पक्ष, अमूर्त सम्पदा आदिसँग सम्बन्धित सूचना सङ्कलन ।

**तथ्याङ्क तथा सूचना सङ्कलनः** तथ्याङ्क तथा सूचना सङ्कलन योजना तर्जुमा, जनशक्तिको पहिचान तथा तालिम र कार्य सम्पादनको लागि आवश्यक बन्दोबस्तीका सामग्रीहरूको तयारी गर्ने कार्य यस अन्तर्गत पर्दछ। यस चरणमा सूचना सङ्कलनका लागि निर्धारण गरिएको विधि, प्रश्नावली तथा रुजुसूचीको आधारमा सङ्कलित तथ्याङ्क तथा सूचनाहरूलाई एकीकृत गर्ने कार्य समेत पर्दछ ।

**तथ्याङ्क तथा सूचना विश्लेषणः** प्राप्त सूचनाको आधारमा कोभिड-१९ ले जनजीविकाका सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पारेको असरलाई वस्तुगत तथा विषयगत रूपमा विश्लेषण गर्नु पर्दछ । यस्तो विश्लेषणले सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमो पुनर्लाभ आवश्यकता पहिचान गर्न आधार प्रदान गर्दछ ।

**आवश्यकता पहिचान तथा पुनर्लाभ योजना तर्जुमाः** कोभिड-१९ ले पारेको सामाजिक तथा आर्थिक प्रभावको आँकलन गरिसकेपछि पुनर्लाभको आवश्यकता पहिचान गर्नु पर्दछ। कोभिड-१९ ले जनजीविकाका क्षेत्रहरूमा पारेको असरको आधारमा शीघ्र पुनर्लाभ तथा पुनर्लाभका सम्भावित आवश्यकताहरू निम्न अनुसार हुन सक्दछन् :

| क्षेत्रहरू | शीघ्र पुनर्लाभका क्षेत्र | पुनर्निर्माण तथा पुनर्लाभका क्षेत्र |
|---|---|---|
| मानवीय क्षति | – औषधि आपूर्ति तथा उपचार<br>– खाद्य आपूर्ति | – जीवन तथा उपचार बीमा |

| क्षेत्रहरू | शीघ्र पुनर्लाभका क्षेत्र | पुनर्निर्माण तथा पुनर्लाभका क्षेत्र |
|---|---|---|
| लक्ष्यित वर्ग (महिला, बालबालिका, रोजगारी गुमाएका तथा न्यून आय वर्ग आदि) विशेष | – लक्ष्यित वर्गलाई तत्कालिन आर्थिक तथा सामाजिक सुरक्षा | – लक्ष्यित वर्ग विकास विशेष कार्यक्रम<br>– कोही पछाडि नछुटुन् अवधारणा |
| सामाजिक प्रभाव | – अस्थायी शैक्षिक क्रियाकलाप सञ्चालन<br>– आधारभूत स्वास्थ्य सेवाको स्थापना<br>– तत्कालिन खानेपानी तथा सरसफाइ व्यवस्था<br>– मनोसामाजिक परामर्श | – सबैलाई सुधारिएको शैक्षिक कार्यक्रम<br>– सुधारिएको स्वास्थ्य सेवा<br>– खानेपानी तथा सरसफाइ<br>– रीतिरिवाजको निरन्तरता<br>– सामाजिक सद्भाव |
| आर्थिक प्रभाव | – शीघ्र व्यवसाय सञ्चालनको लागि आर्थिक सहयोग तथा ऋण<br>– कर तथा शुल्कमा राहत<br>– ब्याजमा राहत<br>– कृषि तथा पशु उत्पादनका लागि बीउ पुँजी | – आय तथा रोजगारी वृद्धि<br>– व्यापार, व्यवसाय पुनर्स्थापना<br>– उत्पादन तथा कारोबारको सुरक्षा (बीमा) |
| वातावरणीय प्रभाव | – सामान्य तथा हानिकारक फोहरमैला व्यवस्थापन | – फोहरमैलाको दिगो व्यवस्थापन |

**सामाजिक तथा आर्थिक पुनर्लाभ योजनाः** कोभिड-१९ ले समुदायमा पारेको सामाजिक तथा आर्थिक प्रभावहरूलाई न्यूनीकरण गर्दै जनजीविकालाई पुनर्स्थापना गराउने कार्यका लागि गर्नुपर्ने कार्यहरूको पहिचान र सोका लागि आवश्यक खर्चको अनुमान यस अन्तर्गत पर्दछ । पुनर्लाभ योजनाले समाजका पिछडिएका वर्ग तथा समुदाय र बढी जोखिममा रहेका समूह (महिला, बालबालिका, वृद्ध, शारीरिक रूपमा अशक्त आदि) को आर्थिक तथा सामाजिक पुनर्स्थापनामा विशेष ध्यान दिनु पर्दछ । पुनर्लाभका लागि गर्नुपर्ने कार्यहरूको पहिचान आवश्यकता अनुसार निम्न मुख्य क्षेत्रमा विभाजन गरी गर्न सकिन्छ :

- सामाजिक सेवाको सञ्चालन व्यवस्था (यातायात, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन आदि)
- सामाजिक विकास कार्यक्रम (पोषण, सामाजिक सुरक्षा, लैङ्गिक तथा सामाजिक समावेशीकरण, कोही पछाडि नपरून्, मनोसामाजिक परामर्श, पुर्नस्थापना केन्द्र आदि)
- व्यावसायिक क्रियाकलापहरूको पुर्नस्थापना
- कृषि तथा पशुपालन क्षेत्रको पुर्नस्थापना
- आय तथा रोजगारी अभिवृद्धि
- वातावरण संरक्षण
- शासकीय प्रबन्ध ।

पुनर्लाभका लागि तत्कालै गर्नुपर्ने आवश्यकता भएकालाई शीघ्र पुनर्लाभ र लागत तथा समयको हिसाबले बढी लाग्ने आवश्यकताहरूको लागि पुनर्लाभ कार्यको रूपमा पहिचान गर्नु पर्दछ । कोभिड-१९ को पुनर्लाभ योजनाको तर्जुमा तथा स्वीकृति, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यबस्या यसै दस्तावेजको भाग २ र ३ मा उल्लेख भए नै बमोजिम हुनेछ ।

# अनुसूची

## विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा तर्जुमा गरिएका अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरू तथा नेपालको कानूनी र नीतिगत व्यवस्थाहरूको सारांश

१. अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरू

| क्र.सं. | दस्तावेज | मुख्य प्रावधानहरू |
|---|---|---|
| १ | योक्लोहामा रणनीतिः सुरक्षित संसारको लागि कार्य योजना, १९९४(Yokohama Strategy and Plan of Action for a Safer World 1994) | सन् १९९४ मे २३ देखि २७ सम्म जापानको योक्लोहामामा विपद् जोखिम न्यूनीकरण सम्बन्धी पहिलो विश्व सम्मेलनले सुरक्षित विश्वको लागि योक्लोहामा रणनीति र कार्ययोजना पारित गरेकोमा यो रणनीतिले विपद्को रोकथाम, न्यूनीकरण र अल्पीकरणका लागि मानवीय तथा संस्थागत विकास, सूचना संकलन, प्रचार तथा प्रयोगको लागि प्रविधिको आदान-प्रदान र स्रोत परिचालनको लागि अन्तर्राष्ट्रिय सहायता परिचालन गर्ने प्रतिबद्धता जनाएको थियो । |
| २ | ह्योगो कार्यढाँचा २००५–२०१५ (Hyogo Framework for Action 2005-2015) | सन् २००५ जनवरी १८ देखि २२ सम्म जापानको ह्योगोमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी दोस्रो विश्व सम्मेलनबाट विपद् न्यूनीकरणका लागि १० वर्षे ह्योगो कार्यढाँचा पारित भयो। विपद् व्यवस्थापनको लागि बहुप्रकोप र समग्रतामा आधारित अवधारणामा आएको ह्योगो कार्य ढाँचाले पाँचवटा प्राथमिकताहरु तय गऱ्यो। जसमा कार्यान्वयनको लागि बलियो संस्थागत आधार सहित विपद् जोखिम न्यूनीकरणको लागि राष्ट्रिय तथा स्थानीय प्राथमिकताको सुनिश्चिता, विपद् जोखिम र विश्वसनीय पूर्व सूचना प्रणाली, उत्थानशील र सुरक्षित संस्कृति निर्माणको लागि ज्ञान, अन्वेषण र शिक्षाको प्रयोग, जोखिमका अन्तरनिहित तत्वहरूको न्यूनीकरण र प्रभावकारी विपद् प्रतिकार्यका लागि सबै तहमा पूर्वतयारीलाई प्राथमिकताका रुपमा तय गरेको थियो । |
| ३ | विपद् जोखिम न्यूनीकरणको सेण्डाई ढाँचा २०१५-२०३० (Sendai Framework for Disaster Risk Reduction 2015-2030) | सन् २०१५ मार्चमा जापानको सेण्डाईमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी तेस्रो विश्व सम्मेलन भयो। यस सम्मेलनले विश्वमा विपद्को कारणबाट हुने मानवीय क्षति आर्थिक तथा भौतिक क्षतिलाई २०३० सम्ममा उल्लेखनीय रूपमा कमी ल्याउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा पारित गरयो । यस कार्यढाँचाले विपद् जोखिम न्यूनीकरणका लागि विश्वव्यापी सातवटा लक्ष्य तोके अनुसार विश्वव्यापी रूपमा विपद्को कारणबाट हुने मृत्युदर उल्लेख्य रूपमा कम गर्ने, विपद्बाट प्रभावित हुने जनसंख्या उल्लेख्य रूपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रूपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्सानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरूको संख्या बढाउने, रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि अन्तरराष्ट्रिय सहायता बढाउने, बहुप्रकोप पूर्व सूचना प्रणाली र विपद् जोखिम सम्बन्धी सूचनाको पहुँच तथा उपलब्धता बढाउने लक्ष्य राखेको छ। कार्यढाँचाले उपर्युक्त लक्ष्य हासिल गर्नका लागि चारवटा प्राथमिकताहरू तय गरेको छ। जसमा (१) विपद् सम्बन्धी बुझाइ (२) विपद् जोखिम व्यवस्थापनको लागि विपद् जोखिम सुशासन (३) विपद् जोखिम न्यूनीकरणमा लगानी वृद्धि र (४) पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यहरूमा "अझ राम्रो अझ बलियो" अवधारणा सहित विपद् पूर्वतयारी समावेश छन् । |
| ४ | दिगो विकास लक्ष्य २०१५-२०३० | संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा विश्वलाई बदल्नको लागि दिगो विकास लक्ष्य अघि सारेको छ। दिगो विकास लक्ष्य दिगो विकासका तीनवटा आधारभूत आयामहरू |

| | | |
|---|---|---|
| | (Sustainable Development Goals 2015-2030) | आर्थिक विकास, सामाजिक समानता र वातावरणीय सन्तुलनको अवधारणामा आधारित छ । दिगो विकास लक्ष्य २०१५–२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकासका १७ वटा लक्ष्यमध्ये १० वटा र ६९ वटा मुख्य सूचकमध्ये २५ वटा सूचक विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग प्रत्यक्ष र अप्रत्यक्ष रूपले सम्बन्धित छन् । दिगो विकास लक्ष्यले सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा विश्वव्यापी लक्ष्यमार्फत् विपद्बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षतिलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न योगदान गर्दछ । |
| ५ | पेरिस सम्झौता डिसेम्बर २०१५ (Paris Agreement 2015) | डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा सम्पन्न २१ औं सम्मेलनले दिगो विकास तथा गरिवी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनको जोखिम विरूद्ध चालिने विश्वव्यापी उपायहरू प्रस्तुत गऱ्यो । जस्तो कि, जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीय रूपमा घटाउने कुरालाई पक्ष राष्ट्रहरूले आत्मसात् गर्दै विश्वव्यापी औसत तापक्रममा हुने वृद्धिलाई औद्योगिक विकासभन्दा अघिको समयको तुलनामा १.५ डिग्री सेल्सियसभन्दा नबढ्ने गरी सीमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवर्नका प्रतिकुल प्रभावहरूलाई अनुकूलन गर्ने क्षमता अभिवृद्धि गर्ने । यस्तै, यस सम्झौताले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने तथा जलवायु समानुकुलनलाई प्रवर्द्धन गर्ने, न्यून हरितगृह ग्याँस उत्सर्जन तथा जलवायु समानुकूलन विकासमूलक कार्यप्रणाली अनुरूप लगानी प्रवाह गर्ने उद्देश्य लिई सोका लागि पूर्व सूचना प्रणाली, आपत्कालीन प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायु जोखिम न्यूनीकरणमा प्राथमिकता दिएको छ । |
| ६ | नयाँ शहरी एजेण्डा, २०१६ (New Urban Agenda 2016) | सन् २०१६ को अक्टोबरमा आवास तथा दिगो शहरी विकासका लागि संयुक्त राष्ट्र सङ्घीय सम्मेलनमा अवलम्बन गरिएको नयाँ शहरी एजेण्डाले विश्वको बढ्दो शहरीकरण र शहरी जोखिमलाई दृष्टिगत गरी उत्थानशिलता निर्माण तथा जलवायु परिवर्तनको अनुकुलन र अल्पीकरणलाई शहरी विकासका लागि प्राथमिकताको रूपमा ग्रहण गरी उत्थानशील निर्माण, जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई बढावा दिने शहरहरूको परिकल्पना गरेको छ । |

२. विपद् जोखिम व्यवस्थापन सम्बन्धी नेपालका कानूनी र नीतिगत प्रावधान

| क्र.सं. | दस्तावेज | मुख्य प्रावधानहरू |
|---|---|---|
| १ | नेपालको संविधान | वि.सं. २०७२ मा निर्माण भएको नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनलाई राज्यको दायित्वको रूपमा संविधानमै पहिलो पटक परिभाषित गरेको छ । यस संविधानले राज्यका नीतिहरू अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने उल्लेख छ ।<br><br>त्यसैगरी, संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद्को समयमा उद्धार तथा राहत र पुर्नलाभ सम्बन्धी विषय सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा समेटिएको छ । अनुसूची ८ मा विपद् व्यवस्थापनको विषय स्थानीय तहको एकल अधिकार रहेकोले स्थानीय तहहरूको भूमिका महत्वपूर्ण रहेको छ । विपद् व्यवस्थापनलाई अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीमा |

| | | |
|---|---|---|
| | | राखिएकाले यो विषयमा समन्वय र सहकार्यको आवश्यकतालाई महत्व दिइएको छ । विद्यमान संवैधानिक व्यवस्था अनुरूप संविधानको विस्तृतीकरण प्रतिवेदनले तीनवटै तहहरूको जिम्मेवारीलाई स्पष्ट गरी सो जिम्मेवारीको आधारमा समेत यस विषयलाई कानूनी रूपमा रूपान्तरण गर्न सहयोग पुगेको छ । |
| २ | दैवी प्रकोप उद्धार ऐन, २०३९ | दैवीप्रकोप उद्धारमा केन्द्रित रहेको भएता पनि यो ऐन नेपालमा विपद् व्यवस्थापनको लागि तयार गरिएको पहिलो कानूनी दस्तावेज हो र दक्षिण एशियामा यस प्रकारको पहिलो ऐन पनि हो । यस ऐनको कार्यान्वयनसँगै नेपालमा विपद् व्यवस्थापन सम्बन्धी कामको संस्थागत रूपमा थालनी भयो । विपद् पश्चात्को उद्धार र राहत व्यवस्थापनमा केन्द्रित यस ऐनले गृह मन्त्रालयलाई विपद्पछिको उद्धार तथा राहत कार्यको समन्वय गर्ने केन्द्रीय निकायको जिम्मेवारी दिएको थियो । यद्यपि, अन्य मन्त्रालय, विभाग, प्रतिष्ठान, संयुक्त राष्ट्र सङ्घीय निकाय, अन्तरराष्ट्रिय मानवीय सहायताका लागि काम गर्ने निकायहरू, गैरसरकारी संस्था र नागरिक समाजलाई परिचालन गर्ने प्रावधानहरु पनि रहेका थिए । तथापि विपद् व्यवस्थापन चक्रका सबै पक्ष र सरोकारवालाहरूको भूमिकालाई यथेष्ट रूपमा समेट्न सकेको थिएन । नीति निर्माण र कार्यान्वयको लागि केन्द्रीय तहमा केन्द्रीय दैवी प्रकोप उद्धार समिति, जिल्लामा जिल्ला दैवीप्रकोप उद्धार समिति र स्थानीय तहमा स्थानीय समिति गठन हुने व्यवस्था गरेको भएता पनि केन्द्र र जिल्ला बाहेक तत्कालीन स्थानीय निकायहरूमा कार्यान्वयन अत्यन्तै कमजोर रहेको थियो । |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | वि.सं. २०७४ सालमा सङ्घीय संसद्बाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ पारित भई कार्यान्वयनमा आएको हो । यस ऐनमा २०७५ सालमा प्रथम पटक संशोधन पनि भइसकेको छ । नेपालको संविधानमा रहेका अधिकार क्षेत्र र सन् २०१५ पछि विपद् व्यवस्थापनको क्षेत्रमा विश्वव्यापी रूपमा विकास भएका सोंच, अवधारणा र सो अनुरूप नेपालको प्रतिवद्धता तथा नेपालले विपद् व्यवस्थापनका क्षेत्रमा गरेका विगतका अनुभव समेतको आधारमा यो ऐनमा विषयबस्तुलाई समेट्ने प्रयास गरिएको छ । मूलतः यो ऐनले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरूलाई बृहत् रूपमा समेट्न प्रयास गरेको पाइन्छ । साथै, सङ्घीय संविधानको भावना बमोजिम विपद् व्यवस्थापनको लागि केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् र कार्यकारी समिति रहने व्यवस्था छ भने प्रदेशमा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् र कार्यकारी समितिको व्यवस्था गरिएको छ । त्यसैगरी जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था छ । महत्वपूर्ण कदमको रूपमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको काम गर्न विपद्को कार्यप्रति पूर्ण समर्पित संस्थाको रूपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण रहने व्यवस्था यस ऐनले गरेको छ । यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार दिएको छ । यस ऐनको दफा ४७ अनुसार नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थपन नियमावली २०७६ तयार गरी लागू गरेको छ । |
| ४ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनका प्रावधानहरूलाई आधार मानी यो नियमावलीको तर्जुमा गरिएको छ । यस नियमावलीमा सङ्घीय सरकारदेखि स्थानीय तहसम्मका समितिहरूको थपिएका जम्मेवारीको व्यवस्थाको साथै स्थानीय तहरूले वडा स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्यसञ्चालन गर्ने |

| | | |
|---|---|---|
| | | व्यवस्थासमेत गरेको छ । साथै यस नियमावलीले केन्द्रदेखि स्थानीय तहसम्म विपद् व्यवस्थापन कोष रहने व्यवस्था पनि गरेको छ । |
| ५ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | संविधानको व्यवस्था अनुसार विपद् व्यवस्थापनलाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको भएता पनि स्थानीय तहको एकल अधिकार सूची अन्तरगत अनुसूची ८ मा समेत विपद् व्यवस्थापनको विषय समावेश भएकोले स्थानीय तहलाई विपद् जोखिम न्यूनीकरणको सन्दर्भमा बढी जिम्मेवार बनाउन खोजेको संवैधानिक व्यवस्थाले देखाउँदछ । यसै अनुरुप स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको भूमीका देहाय बमोजिम हुने उल्लेख छ :<br>१. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,<br>२. स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,<br>३. स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,<br>४. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,<br>५. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,<br>६. विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,<br>७. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br>८. विपद् पश्चात् स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण,<br>९. स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,<br>१०. स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,<br>११. समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,<br>१२. विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य । |
| ६ | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ | प्राकृतिक तथा गैरप्राकृतिक/मानवसिर्जित विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक तथा सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा कम गर्नु प्रमुख उद्देश्य रहेको यस नीतिका उद्देश्यहरू देहायअनुसार रहेका छन्<br>१. विपद् जोखिमको बुझाइ अभिवृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिम सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने,<br>२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जोखिम संवेदनशील शासनको सुदृढीकरण गर्ने,<br>३. विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापसँग एकाकार गर्दै समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने,<br>४. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बढाएर उत्थानशीलता वृद्धि गर्ने,<br>५. विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण र बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास एवं विस्तार गरी विपद् पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउने,<br>६. "अझ राम्रो अझ बलियो" अवधारणा अनुरूप विपद् पश्चात्को पुनर्स्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने । |

| | | |
|---|---|---|
| ७ | विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना २०१८-२०३० | सेण्डाई कार्यढाँचालाई मूल मार्गदर्शनको रूपमा लिई तर्जुमा गरिएको यो रणनीतिक कार्ययोजनामा चारवटा प्राथमिकता प्राप्त क्षेत्रहरु र अठार प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरिएको छ । उक्त रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था, अनुगमन, समीक्षा र संशोधन सम्बन्धी व्यवस्था रहेको छ ।<br><br>अन्तर्राष्ट्रिय कार्यढाँचा, राष्ट्रिय परिवेश र आवश्यकता अनुसार तर्जुमा गरिएको विपद् जोखिम न्यूनीकरणको मूलनीति अनुरूप विपद् जोखिम न्यूनीकरण र उत्थानशील विकासमा सहयोग पुऱ्याउनका लागि विपद् जोखिम न्यूनीकरणका सबै पक्षहरूलाई समेटेर राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० तर्जुमा भई कार्यान्वयनमा आएको छ । साथै सो कार्ययोजनालाई आधार मानी सङ्घीय व्यवस्था अनुरूप स्थानीय विशेषता र आवश्यकताका आधारमा प्रादेशिक र स्थानीय तहका लागि नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वन गर्नुपर्ने व्यवस्था भए बमोजिम प्रदेशहरूले प्रदेशको रणनीतिक कार्ययोजना तर्जुमा गरेका छन् र केही स्थानीय तहहरूले तर्जुमा कार्यलाई अगाडि बढाएको देखिन्छ । |
| ८ | विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ | विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनमा आए पश्चात् उक्त रणनीतिले निर्धारण गरेको क्षेत्र बमोजिम विभिन्न क्षेत्रगत नीति तथा रणनीतिहरूले विपद् जोखिम न्यूनीकरणका विषयवस्तुहरूलाई समेट्दै आएका छन् । नेपालको सन्दर्भमा यो रणनीति विपद् जोखिम व्यवस्थापनको एक महत्वपूर्ण आधारका रुपमा रहेको छ । |
| ९ | पन्धौं योजना (२०७६/७७-२०८०-८१) | नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको पन्धौं योजनाले विपद् जोखिमबाट सुरक्षित र उत्थानशील नेपालको सोंच राखेको छ र सबै प्रकारका प्राकृतिक विपद् एवम् गैरप्राकृतिक विपद्का घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय क्षति कम गर्ने लक्ष्य राखेको छ । यस योजनामा विपद् पछिको पुनर्निर्माण र पुनर्स्थापनामा अझ राम्रो र अझ बलियो निर्माण गर्ने कार्यनीति सहित विपद्का चक्रमा पर्ने सवै विषयहरूलाई नीति र कार्यनीतिमा समेटिएको छ ।<br><br>योजना अवधिमा विपद्बाट प्रभावित हुने घरपरिवार १७.१ प्रति हजारबाट ९.८ प्रति हजारमा झार्ने र मृत्यु हुने जनसंख्या १.७ प्रति लाखबाट १ प्रतिलाख जनामा सीमित रहने आँकलन गरिएको छ । |
| १० | विपद् जोखिम व्यवस्थापन मूलप्रवाहीकरण अध्ययन, २०७३ | राष्ट्रिय योजना आयोगले तयार गरेको विपद् जोखिम व्यवस्थापन मूल प्रवाहीकरण अध्ययन, २०७३ मा बताइए अनुसार विपद् व्यवस्थापन कोष बाहेक नियमित विकास बजेटबाट पनि विपद् जोखिम व्यवस्थापनमा खर्च हुने गरेको छ । वि.स. २०७१ सालमा गरिएको एक अध्ययनले विपद् जोखिम व्यवस्थापनका लागि नेपालमा कुल विनियोजित बजेटको औसत ४.८५ प्रतिशत वा सोभन्दा कम विनियोजन हुने गरेको अनुमान गरेको छ । वि.स. २०७० मा कार्यविधि तर्जुमा गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिविस, नगरपालिका र गाविसहरूलाई कुल बजेटको ५ प्रतिशतसम्म विपद् जोखिम र जलवायु परिवर्तनजन्य जोखिम व्यवस्थापनमा विनियोजन गर्न व्यवस्था गरेको थियो । जलवायु परिवर्तन सम्बन्धी विषयमा “बजेट कोड” को व्यवस्था भए जस्तै विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा पनि बेग्लै “बजेट कोड”को व्यवस्था हुन नसकेकोले यससम्बन्धी तथ्यांक यकिन गर्न कठिन भएको छ । समग्रमा नेपालमा विपद् जोखिम र जलवायु परिवर्तनजन्य जोखिम व्यवस्थापनको |

| | | |
|---|---|---|
| | | क्षेत्रमा हुने गरेको बजेट विनियोजन अत्यन्त न्यून छ र विनियोजित बजेटको खर्च दर पनि कम रहेको छ ।<br>विपद् जोखिम व्यवस्थापनको मूल प्रवाहीकरणको सन्दर्भमा वित्तीय स्रोत विनियोजन र बजेट तथा कार्यक्रमको महत्वपूर्ण स्थान रहेता पनि नेपालमा वर्षेनी कति बजेट विनियोजन हुन्छ र कति रकम कुन शीर्षकमा कहाँ खर्च हुन्छ भन्ने बारेमा वस्तुनिष्ठ आधार यकीन साथ भन्न सकिने अवस्था छैन । राष्ट्रिय विपत्तिको समयमा केन्द्रीय विपद् व्यवस्थापन कोष र प्रधानमन्त्री उद्धार कोषमा उपलब्ध गराउन उल्लेख्य रकम जम्मा हुने गरेको भए पनि त्यसको विनियोजन मूलतः राहत, उद्धार र पुनःस्थापनामा मात्र हुने गरेको छ । |
| ११ | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (संशोधन २०७५) | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) ले व्यवस्थित पूर्वतयारी र विपद्पछिको प्रभावकारी प्रतिकार्यको लागि राष्ट्रिय तथा स्थानीय संयन्त्रहरूको समन्वय र परिचालन, शीघ्र पुनर्लाभका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत ११ वटा विषयगत क्षेत्रको (cluster) परिचालन र अन्तराष्ट्रिय सहायताको आह्वान एवम् समन्वयको खाका प्रस्तुत गरेको छ । यस कार्यढाँचामा विपद् प्रतिकार्यको लागि घण्टा, दिन र महिनासम्मको समय तोकी नेतृत्व गर्ने निकाय, सम्बन्धित निकायले गर्नुपर्ने काम तथा प्रतिकार्यका लागि पूर्वतयारी कार्ययोजना समेत प्रस्तुत गरेको छ । प्रदेश तथा स्थानीय तहले यस कार्यढाँचालाई आधार मानी आफ्नो प्रतिकार्य कार्ययोजना बनाउन सक्ने व्यवस्था छ । |
| १२ | राष्ट्रिय स्वास्थ्य नीति, २०७१ | राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्यसम्बन्धी नकारात्मक असरको सम्बोधनका लागि समष्टिगत व्यवस्थापन गर्न राष्ट्रिय सञ्जाल तथा संयन्त्र एवम् अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला सम्पूर्ण निकायहरूसँग सहकार्य गर्ने र पशुपंक्षी तथा कीटबाट मानिसमा सर्ने रोगहरूको व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यको समुचित व्यवस्था गर्ने नीति लिएको छ । |
| १३ | कृषि विकास रणनीति, २०७२-२०९२ | किसानहरूलाई जलवायु परिवर्तन र विपद्प्रति उत्थानशील बनाउन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रवर्द्धन, खाद्य र बीउको भण्डार व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदि क्रियाकलापहरूलाई कृषि विकास रणनीति, २०७२-२०९२ ले प्राथमिकतामा राखेको छ । |
| १४ | जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ | जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले बाढी पहिरोजस्ता जल उत्पन्न प्रकोपको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी उक्त प्रकोपहरूबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक स्रोत साधन एवम् खानेपानी, जल परिवहन, सिंचाई, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउन विभिन्न नीतिहरू तय गरेको छ । |
| १५ | राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ | राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ ले विपद् पश्चात्को पुर्नलाभ, पुनर्निर्माण र पुनर्स्थापना कार्यको लागि नीतिगत मार्गदर्शन गरेको छ । २०७२ सालको भूकम्पले क्षति पुऱ्याएका भौतिक संरचनाहरू र बस्तीहरु पुनर्निर्माण गर्न, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भएर काम गरिरहेको छ । |
| १६ | राष्ट्रिय शहरी विकास रणनीति, २०७३ | राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले विपद् जोखिम अनुकुलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकीकृत गर्न जोड दिएको छ । |

| | | |
|---|---|---|
| १७ | प्रदेश आकस्मिक कोषको स्थापना | भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायत अन्य आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल चाहिने खर्चको लागि व्यवस्था गर्न प्रदेशमा आकस्मिक कोष ऐन जारी गरिएको छ । |
| १८ | प्रदेश तथा स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना | यो कार्ययोजना मूलत: सेण्डाई कार्यढाँचा र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति तथा राष्ट्रिय रणनीतिक कार्ययोजनालाई मूल मार्गदर्शनको रूपमा लिई प्रदेश तथा स्थानीय तहको विशेषता र आवश्यकताका आधारमा प्रादेशिक र स्थानीय तहका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वन गर्नुपर्ने व्यवस्था गरिएको छ । यस व्यवस्था बमोजिम प्रदेशहरूले प्रदेशको नीति र रणनीतिक कार्ययोजना तर्जुमा गरेका छन् भने केही स्थानीय तहहरूले यस कार्ययोजना अनुसारको योजना तर्जुमा कार्यलाई अगाडि बढाएका छन् । |
| १९ | गाउँपालिका र नगरपालिकामा वारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ | गाउँपालिका र नगरपालिकामा वारूणयन्त्र सञ्चालन र व्यवस्थापन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कार्यविधिको तर्जुमा गरेको छ । यस कार्यविधिमा कर्मचारी व्यवस्था, वारूणयन्त्र सञ्चालन र व्यवस्थापन गर्न समितिको व्यवस्था, स्थानीय तहहरूमा संयुक्त सञ्चालन व्यवस्था र कोषको व्यवस्था लगायतका प्रावधानहरु समेटिएको छ । |
| २० | गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ | २०७२ वैशाख १२ गतेको भूकम्प तथा त्यसपछिका पराकम्पका कारणबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वयलाई प्रभावकारी बनाउन एवम् ती संस्थाहरू मार्फत् प्राप्त हुने सहयोगलाई सरल, सहज, पारदर्शी, एकीकृत एवं प्रभावकारी ढङ्गले परिचालनका निमित्त भूकम्पबाट प्रभावित संरचनाहरूको पुनर्निर्माण गर्ने सम्बन्धमा बनेको ऐन, २०७२ को मर्म र भावना अनुरूप कार्यक्रमको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्यमा सहयोग पुऱ्याउन सोही ऐनको दफा ३१ ले दिएको अधिकारको प्रयोग गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाको लागि **गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२** बनाएको छ । कार्यविधिका उद्देश्यहरु निम्नानुसार रहेका छन् :<br>क) पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्न चाहने विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालन गरिने क्रियाकलाप तथा अन्य सहयोगलाई एकीकृत, समन्वयात्मक एवं न्यायोचित ढङ्गले परिचालन गर्न दिशानिर्देश गर्ने ।<br>ख) पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि प्राप्त हुने सहयोगलाई पारदर्शी एवं प्रभावकारी ढङ्गले परिचालन गर्ने, गराउने ।<br>ग) राष्ट्रिय एवं अन्तराष्ट्रिय ज्ञान, सीप तथा स्रोत साधनलाई भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण, पुनर्स्थापना तथा जीविकोपार्जनका कार्यहरूमा अधिकतम रूपमा उपयोग गर्ने वातावरण सिर्जना गर्ने ।<br>घ) पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यमा संलग्न हुने सरकारी निकाय, अन्तराष्ट्रिय दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय समुदाय एवम् अन्य सरोकारवाला निकायहरु बीच विश्वासको वातावरण सिर्जना गरी कार्यसम्पादनमा एकरूपता कायम गर्ने । |

| | | |
|---|---|---|
| | | यस कार्यविधिमा साझेदारहरूको कार्यक्षेत्र, शर्तहरू र परियोजना प्रस्ताव प्रक्रियाको बारेमा स्पष्ट व्यवस्था गरिएको छ । |
| २१ | प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्य, संवैधानिक पदाधिकारी, सांसद्, निजामती, जङ्गी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम साथै सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरू, राजनीतिक दल, ट्रेड युनियन, गैरसरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम, दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैरसरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम, नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम, साथै कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम यस कोषमा रहने व्यवस्था छ । यो कोष आवर्ती कोष (Revolving fund) को रूपमा सञ्चालन हुने व्यवस्था गरिएको छ ।<br><br>कोषको प्रयोग दैवीप्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने, दैवी प्रकोपबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने, दैवी प्रकापको कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधी उपचार गर्ने, दैवी प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सद्गतका लागि मृतकका आफन्तलाई आर्थिक सहायता गर्ने, दैवी प्रकोपबाट पीडित व्यक्तिको अस्थायी रूपमा आश्रय स्थल बनाउने वा पुनर्स्थापना गर्ने जस्ता कार्यमा प्रयोग गरिने छ । |
| २२ | विपद् लेखाजोखा मार्गदर्शन, २०७२ | विपद् पश्चात् तत्कालै र त्यसपश्चात् विभिन्न चरणहरूमा गर्नु पर्ने लेखाजोखासम्बन्धी कार्यहरूको अवधि समेत तोकी पुर्नलाभको कार्यलाई अगाडि बढाउन यसका विधिहरू, चरणहरु र फारामहरूका ढाँचा समेत निर्धारण गरी यो मार्गदर्शन लागू गरिएको हो । यस अनुसार पहिलो चरणमा प्रारम्भिक द्रूत लेखाजोखा, दोस्रो चरणमा बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा, तेस्रो चरणमा विषयगत क्षेत्र विस्तृत लेखाजोखा, चौथो चरणमा विपद् पश्चात् क्षति तथा आवश्यकताको लेखाजोखा गर्ने तरिकाहरूबारे स्पष्ट व्यवस्था गरिएको छ । |
| २३ | छिटो पुर्नलाभका लागि मार्गदर्शन, २००८ (Guidance Note on Early Recovery, 2008) | छिटो पुर्नलाभलाई अर्थ्याउँदै यस मार्गदर्शनले छिटो पुर्नलाभलाई एउटा बहुपक्षीय प्रक्रिया, जुन विकासको सिद्धान्तबाट निर्देशित भएको हुन्छ भनी व्याख्या गरेको छ । यसको लक्ष्यमा विकासको लागि कार्यक्रम तय गरिन्छ र सङ्कटपछिको राष्ट्रिय अपनत्वको प्रक्रिया अनुसार उत्थानशीलताको लागि पुर्नलाभ कार्यलाई जोड दिइन्छ । यसमा आधारभूत सेवा, जीवन निर्वाह, संक्रमणकालीन आश्रय, सुशासन, सुरक्षा र कानून र आदेशको पालना जस्ता कुरामा ध्यान दिइन्छ । छिटो पुर्नलाभ सङ्कटपछि तत्कालै सङ्कटासन्न जनसमुदायलाई रूपान्तरण गर्न एक किसिमको प्रतिकार्य कार्य नै हो भन्ने विषयमा स्पष्ट गरिएको छ। यस मार्गदर्शनले छिटो पुर्नलाभको मुख्य लक्ष्यहरु देहाय बमोजिम प्रस्तुत गरेको छ :<br>१. मानवीय कार्यक्रमको माध्यमबाट सङ्कटकालीन सहयोग अभिवृद्धि गर्न, दीर्घकालीन विकासका लागि दिशानिर्देश गर्न सहयोग पुऱ्याउने,<br>२. पुर्नलाभका प्रयासहरू एवम् समुदायमा आइपर्ने जोखिम र विपद् व्यवस्थापनमा सहयोग गर्ने,<br>३. दीर्घकालीन पुर्नलाभका लागि आधार स्तम्भ तयार गर्ने,<br><br>छिटो पुर्नलाभका लागि मार्गनिर्देशक सिद्धान्तहरु पनि स्पष्ट पारिएको छ। जसअनुसारः |

| | | |
|---|---|---|
| | | १. छिटो पुर्नलाभका लागि राष्ट्रिय अपनत्व,<br>२. बाह्य प्राविधिक सहयोगमा स्थानीय र राष्ट्रिय क्षमताको सुनिश्चितता,<br>३. छिटो पुनर्लाभका लागि समुदायलाई नै सशक्तीकरण गरी आवश्यकता पहिचान गर्न सहभागितात्मक प्रक्रिया अवलम्बन,<br>४. समावेशी कार्य सम्बन्धका लागि नागरिक समाजका संस्थाहरू र सरकारी संस्थाबीच सम्बन्ध स्थापना,<br>५. उत्तरदायी पद्धतिको अवलम्बन,<br>६. अन्तरसम्बन्धित विषय क्षेत्रहरू बीच समन्वय, |
